धुलिखेल नगरपालिकामा

नेपालभाषामा शिक्षासम्बन्धी अध्ययन

प्रतिवेदन

२०७६/७७

DRAFT

प्रस्तोता

प्रा.डा. ओमकारेश्वर श्रेष्ठ

भाषा आयोग

शंखमूल, काठमाडौं।

©omkareshworshrestha

DRAFT

©omkareshworshrestha

Contents

भाग ३ लिपिको प्रयोग 26

३.१ लिपि परिचय 26

३.१ लिपिको प्रकार 35

३.१ लिपिको छनौट 35

भाग ४ नेपालभाषाको स्तर मापन 37

४.१ नेपालभाषाको पुस्तान्तरणको स्थिति 37

४.२ नेवार समुदाय र वक्ता 43

४.३ जनगणनाहरूको तुलनात्मक अध्ययन 46

४.४ सञ्चारमाध्यममा नेपालभाषाको प्रयोग 47

४.५ नेपालभाषाको अध्ययन परम्परा 50

४.६ नेपालभाषाको लिखित, औपचारिक तथा मौखिक प्रयोग 54

४.७ नेपालभाषाको उत्थान र विकासमा भाषिक समुदायको प्रयास 55

४.८ नेपालभाषाको अभिलेखीकरण 62

भाग ५ शिक्षणमा भाषा 62

५.१ सैद्धान्तिक अवधारणा 64

५.१.१ सिकाइको सन्दर्भमा भाषा- 64

५.१.२ शैक्षणिक भाषा- विषय र माध्यम 65

५.२ नेपालभाषामा शिक्षाको पुनरावलोकन -+ 65

५.३ मातृभाषामा शिक्षाको अभ्यास 65

५.४ नेपालभाषामा शिक्षाका लागि धुलिखेलको छनौट। 68

भाग ६ निष्कर्ष 69

६.१ सारांश 69

६.२ निष्कर्ष 69

६.३ सुझाव 69

Works Cited 70

DRAFT

©omkareshworshrestha

भाग १ परिचय

१.० पृष्ठभूमि

नेपाल सरकार, भाषा आयोगको आयोजनामा २०७६।०४।२९ गते भाषा आयोगको कार्यकक्षमा *शिक्षामा मातृभाषाको प्रयोगमा संभाव्यता परीक्षण सामग्री अध्ययन तथा अनुसन्धान विधि* शिर्षकमा गोष्ठि सम्पन्न भयो। तत्पश्चात २०७६ /०५ /०२गते *धुलिखेलमा मातृभाषामा शिक्षा सम्बन्धि एकीकृत अध्ययन* (विद्यालय नक्साङ्कन, स्तरपहीचान तथा प्रयोग संभाव्यता) *नेपालभाषा*को सन्दर्भमा गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठी भाषा आयोगका अध्यक्ष डा. लवदेव अवस्थीको सभापतित्वमा संचालन भयो । मूख्य अतिथि धुलिखेल नगरपालिकाका प्रमुख तथा नेपाल नगरपालिका संघका अध्यक्ष अशोककुमार ब्याञ्जु हुनुहुन्थ्यो। उक्त गोष्ठीमा भाषा आयोगका आयूक्त उषा हमाल, भाषा आयोगका सचीव लक्ष्मीप्रसाद भट्टराई, र शिक्षाविद डा. तोयनाथ खनालले बोल्नु भएको थियो। विषयविज्ञको हैसियतमा त्रिभुवन विश्वविद्यालय, नेपालभाषा केन्द्रीय विभागका प्रमुख प्रा.डा. ओमकारेश्वर श्रेष्ठले बोल्नु भएको थियो । धुलिखेलका विद्यालयहरूमा नक्साङ्कन, स्तर पहीचान र प्रयोग समभाव्यताको क्षेत्रगत कार्य २०७६ /०५ / १२ का दिन भयो। तीन टोलीमा बाँडिएर सम्पन्न गरिएको सोही कार्यको प्रतिवेदन प्रस्तुत छ।

१.१ परिचय

नेपालको संविधान (२०७२) ले नेपाललाई सात प्रदेश, ७७ जिल्ला, र ७५३ स्थानीयतहको सरकारमा विभक्त गरेको छ। प्रदेश न १, २, र ५को नामकरण हुन बाँकी छ। प्रदेश नं ३ को बागमती, प्रदेश नं ४ को गण्डकी, प्रदेश नं ६को कर्णाली र प्रदेश नं ७को सुदूरपश्चीम प्रदेश नामकरण गरिएको छ । बागमती प्रदेशमा काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, रसुवा, दोलखा, रामेछाप, मकवानपुर, चितवन, पर्सा गरी १३जिल्ला रहेका छन् (हेर्नु नक्सा १)। विगतका अञ्चलका हिसावले बागमतीका आठ, नारायणीका तीन र सगरमाथाका दुई

DRAFT

©omkareshworshrestha

जिल्लाहरू परेका छन्। काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेल नगरपालिकाको धुलिखेलमा रहेको छ।

नक्सा 1 बागमती प्रदेश



(Shrestha 2020)

©omkareshworshrestha

१.१.१ धुलिखेल नगरपालिका

काभ्रेपलाञ्चोक जिल्लाका तीन नगरपालिकाहरू बनेपा, धुलिखेल र पनौतिमध्ये धुलिखेल नगरपालिकाको (यसपछि *नपा* भनिने छ) स्थापना विसं २०४३ मा भएको थियो । यस नपाको सदरमुकाम धुलिखेल हो । धुलिखेललाई स्थानीय भाषामा *धौखेल* वा *धौख्यः* भनिन्छ । यस्को शाब्दिक अर्थ दही बेच्ने चौर भन्ने बुझिन्छ । *धौख्यः* शब्दको व्यूत्पत्ति धरिखेल > धलिखेल > धौखेल > धौख्यः हुदै आएको देखिन्छ । अरनिको राजमार्ग नहुँदा मानिसहरु पूर्वतिर जाँदा यहा धही खाएर हिंड्थे भन्ने सुनिन्छ । सरकारी अभिलेखमा यस शहरलाई *धुलिखेल* लेखिन्छ । यो नगरपालिका स्थापना हुँदा नौवडामा विभक्त थियो । अहिले फैलिएर १२ वडामा[1] फैलिएको छ । यस्को क्षेत्रफल ५४.६२ वर्गकिलोमिटर छ । यसको जनसंख्या ३२,१६२, जसमा पुरूष छ (Dhulikhel Municpality office 2020) १५,४८४ र महिला १६६७८ छन् (केतवि २०११)। यस्को यस्को अवस्थिति ८५°३३'४३२" पूर्वी देशान्तर, २७°३७'९९२" उत्तरी अक्षांश छ । यस्को जनघनत्व प्रतिवर्ग किलोमिटर छ । यहाँ ७०६१ घरधुरीको वसोवास रहेको छ। सरदर पारीवारिक आकार ४.५५ छ (Brinkhoff 2020)। यो नगरपालिका समुद्री सतहदेखि १५५० मिटर माथि,

नक्सा 2 धुलिखेल नगरपालिका



DRAFT

[1] नेपाल सरकारको मिति २०७१।०८।१०मा बसेको मन्त्रिपरिषदको निर्णयअनुसार साविक नगरपालिकाको पाल्लेखेत गाविस, रविओपि गाविसको वडानं(१-५), देवीटार गाविसको (१-३, ६-९), शङ्खुपाटीचौर गाविसको (१-३, ५-९), शारदा वतासेको (१-२, ६-८) एकै ठाउँमा राखी अहिलेको धुलिखेल नगरपालिकाको गठन गरिएको हो । यस अगाडिको जनगणना अनुसार धुलिखेल नगरपालिकाको क्षेत्रफल १२०८ वर्ग किलोमिटर थियो भने नौवडामा फैलिएको थियो । यहाँको जनसंख्या १६,२९३, जसमा पुरुष ८३९२, र महिला ७८७१ थियो । यसको जनघनत्व १३४६ रहेको थियो (CBS 2012, 41)।

©omkareshworshrestha

रहेको छ। काठमाडौबाट ३०किलोमिटर पूर्व अरनिको राजमार्गको दक्षिण (बायाँ)मा अवस्थित छ। यस नगरपालिकाको वडा र स्थान यसप्रकार देखिन्छ - देवीटार (वडानं १), रविगाउँ (वडानं २), धुलिखेल (वडानं ३), बखुन्डोल (वडानं ४), श्रीखण्डपुर (वडानं ५), भगवतीस्थान (वडानं ६), नारायणस्थान, इटोल (वडानं ७), भट्टेडाँडा (वडानं ८), काभ्रेभञ्ज्याङ (वडानं ९), शारदावतासे (वडानं १०), पात्लेखेत (वडानं ११), र शंखुपाटीचौर (वडानं १२)। यस नगरपालिकालाई उत्तरपूर्वमा बनेपा नगरपालिका, दक्षिण-पूर्वमा पाँचखाल नगरपालिका, दक्षिण-पश्चिममा नमोबुध्दनगरपालिका र उत्तर-पश्चिममा पनौति नगरपालिका ले घेरिएको छ।

धुलिखेल नगरपालिकाको वडा अनुसारको घरधुरी तथा जनसंख्या यसप्रकार देखिन्छ (CBS 2011: 116)-

तालिका नं १; धुलिखेल नगरपालिकाको वडा अनुसारको घरधुरी तथा जनसंख्या

वार्डनं	स्थान	घरधुरी	पुरूष	महिला	जम्मा
१	देवीटार	४६०	९६४	१,१७९	२,१४३
२	रविगाउँ	५८२	१,१९३	१,३५५	२,५४८
३	धुलिखेल	५५८	१,२१४	१,१८७	२,४०१
४	बखुन्डोल	८२०	१,७१५	१,४८०	३,१९५
५	श्रीखण्डपुर	३५४	८५६	८९५	१,७५१
६	भगवतीस्थान	४३९	९७६	१,०२६	२,००२
७	नारायणस्थान, इटोल	७२२	१,४८७	१,६३१	३,११८
८	भट्टेडाँडा	७४६	१,७१८	१,८३५	३,५५३
९	काभ्रेभञ्ज्याङ	६८२	१,७३८	१,४५२	३,१९०
१०	शारदावतासे	३१७	६५४	७७६	१,४३०
११	पात्लेखेत	८०६	१,९४६	२,०६३	४,००९

©omkareshworshrestha

१२	शंखुपाटीचौर	६१५	१,३२३	१,४९९	२,८२२
	जम्मा	७,०६१	१५,४८४	१६,६७८	३२,१६२

श्रोत: Central Bureau of Statistics, 2011

१.१.२ नेपालभाषा

नेपालभाषा नेवार जातिले बोल्ने भाषा हो। *नेवार* शब्द विभिन्न जातजातिको समिश्रणबाट बनेको सामुदायिक नाम हो। *नेवार* शब्द *नेपाल* (स्थाननाम) बाट विकास भएको देखिन्छ। *नेपालले* शुरुमा काठमाडौ उपत्यकालाई बुझाउने गरिएकोमा पृथ्वीनारायण शाहको राज्य विस्तारसंगै यस शब्दको अर्थ विस्तार भई देशवाची बनेको छ। बाबुराम आचार्य (आचार्य २०५२) का अनुसार *नेवार, नेवाल* र *नेवा:*को मूल एउटै देखिन्छ। मल्लकालमा नेवारहरूले बोल्ने भाषालाई *नेपालभाषा* भनिन्थ्यो। नेवारहरू देशभित्र बाहिर छरिएर भारतको विभिन्न ठाउँमा समेत बसोवास गरी आएका छन्। नेवारहरूले बोल्ने भाषा चिनिया भोट परिवारको भोट-बर्मेली शाखा अन्तर्गतको भाषा हो। यस भाषामा १४औं शदीदेखि नै साहित्य सिर्जना भैसकेको देखिन्छ। यस भाषाको प्राचिनताको बारेमा यसैबाट अनुमान गर्न सकिन्छ।

नेवारहरूले आफ्नो भाषालाई आधिकारिक रुपमा *नेपालभाषा*[2], जनबोलीमा *नेवा:भाए* भन्छन्। गैह्रनेवार तथा विदेशीहरुले *नेवारी* भन्ने गरेको पाइन्छ। तर नेवार अभियन्ताहरूले भाषा र जातिको एउटै नाम *नेवार* (Shakya 1997, 41) भनेको मन पराउँछन्। नेवार मुलत: काठमाडौं उपत्यकाका वासिन्दा हुन्। काठमाडौ उपत्यका भित्र ४७% र उपत्यका बाहिर ५३% नेवारहरू रहेको तथ्य छ (CBS, CBS 2003)।

[2] मिति २०५२।०५।२३को तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको अध्यक्षतामा वसेको मन्त्रिमण्डलको अन्तिम बैठकले सरकारी स्तरमा नेपालभाषा भनेर सम्बोधन गर्ने कुरा पारित भएको समाचार दैनिक गोरखापत्रमा २०५२।०५।२४ मा प्रकाशित भयो। तर सो कुरा पुष्टी गर्ने *राजपत्रमा* नभेटिएकोले यहाँ *सरकारी स्तर* को ठाउँमा *औपचारिक स्तर* शब्दावली प्रयोग गरिएको हो।

©omkareshworshrestha

सन् २०११को जनगणना अनुसार मातृभाषाको आधारमा नेपालमा १२३ भाषी छन्। तीमध्ये चीन-तिब्बती (ST) परिवार भित्र ७९, भरोपेली (IA) परिवारका १९, आग्नेय(AA) २, ड्रविड (DR) २, कोक्ल्याँटो (Language Isolate) १ छन् (Watters 2005, 17)। त्यसमा वक्ताको हिसावमा नेपाली ४४.६% (१,१८,२६,९५३), मैथिली ११.७% (३०,९२,५३०), भोजपुरी ६% (१५,८४,९५८), थारु ५.८% (१५,२९,८७५), तामाङ ५.१% (१३,५३,३११), नेवार ३.२% (८,४६,५५७), बज्जिका ३% (७,९३,४१८), मगर ३% (७,८८,५३०), डोटेली ३.% (७,८७,८२७), उर्दु २.६% (६,५१,५४६) छन् (केतवि २०११)। नेपालभाषा वक्ताको हिसावमा देशको छैठौं ठुलो भाषा हो।

धुलिखेलमा बोलिने नेपालभाषा भक्तपुर नेवारको उपभाषा हो। सामान्य बोलिचालीमा स्थानीय वर्ण केही फरक देखिएपनि यस्को व्याकरण नेपालभाषाको मूलस्वरूपदेखि फरक छैन।

१.१.३ शिक्षा

राणा प्रधानमन्त्री जंगबहादुर बेलायत यात्रा गर्दा 'मिनिष्टर' उपाधिबाट विभूषित भए। तर अंग्रेजीमा कुराकानी गर्न नसक्दा मनमा कुरो खट्कियो। नेपालमा आएपछि अंग्रेजी सिक्ने हिसावले थापाथली दरवारको दाख चोकको भुँइ तल्लामा विसं १९१० असोज २७गते अंग्रेजी स्कूलको स्थापना गरे। त्यसकालागि लर्ड केनिङलाई बेलायतबाट झिकाएर हेडमाष्टर बनाइयो। त्यस्को व्यवस्थापन गर्न मिष्टर रोज (Ross)लाई दिइयो। विसं १९१५ मा शिक्षा विभागको स्थापना भयो। त्यसको डाइरेक्टर जंगबहादुरका माईलो भाइ बबरजंग शम्शेर बानाइयो। त्यतिबेला अंग्रेजी, गणित, र ईतिहास गरी तीन विषय मात्र पढाइन्थ्यो। त्यस्का विद्यार्थी जंगबहादुरका भाइभतीजा खासगरी धीर समशेरका १७ भाइ थिए। धीर शमशेरले सो स्कूललाई चारबुर्जा (होटल रोयल), त्यसपछि धीर शमशेरको दरवार जमलमा सारे। त्यहाँबाट नारायणहिटी दरवारक्याम्पभित्र सानुचोक बैठकमा सारे। १९३३मा रणोध्दीपसिंहले सर्व साधारणलागि उक्त स्कुल खुला गरे। १९४० मा फेरी दाख चोकमा सारियो। १९४२मा रणोध्दीपको हत्या पछि हालको ठाउँ रानी पोखरीमा टहरा बनाई दरबार स्कूल सारियो। त्यसका पहिलो विद्यार्थीमा केदारनरसिंह राणा, श्रीनिवास गिरी, बलवीसिंह प्रधान, अष्टमान

DRAFT

©omkareshworshrestha

राजभण्डारी थिए । त्यस्को परीक्षा कलकत्ताबाट संचालन हुन्थ्यो (http // www. durbarschool.edu.np Accession on 2019.4.28)। यसरी नेपालमा आधुनिक शिक्षाको प्रारम्भ दरवार हाईस्कूलको स्थापनालाई मानिन्छ। त्यसबेला नेपालमा भारतमा चलेको बेलायती शिक्षा नै नेपालमा दरबारियाकोलागि चलाइएको थियो, र त्यसमा पछि राणाको दरवारमा सेवा गर्ने सेवक (कर्मचारी) का छोराहरूलाई पनि एक दुई ठाउँ दिइएको थियो। त्यस्तो शिक्षामा भाषा, त्यसमा पनि नोकरको भाषा जंगलीको[3] भाषा (अर्याल विसं १९७४, १०-११) देशका जनजातिको भाषा हुने त कुरै भएन। चन्द्र शमशेर जस्ता निरंकूश शासकको प्रचण्ड शासनमा नेपालमा जनजागृति सामजिक चेतना जस्तै नेपालभाषाको पुनरजागरणको जग राख्नु कम व्यङ्ग्यको काम होइन। यस्ता शासकको २८ वर्षे शासनकालमा (विस १९५८-१९८०) जनता साह्रै थिचोमिचोमा परे। त्यसका विरूध्द जनता बिस्तारै उठे।

धुलिखेल नगरपालिका भित्र ५०वटा विद्यालयहरू संचालित छन् । यसमध्ये आधारभूत तहका २४ सरकारी तथा छवटा निजी विद्यालयहरू छन्। माध्यमिक तहका ११ सरकारी र आठवटा निजी छन्। गुम्बाद्वारा संचालित विद्यालय १ छ। यस नपामा ५० वटा विद्यालयहरू संचालित छन् । काठमाडौ विश्वविद्यालय यही छ। नगरपालिकाको साक्षरता ७५.२६ प्रतिशत देखिन्छ। यसमध्ये पुरूषको ८५.६३ प्रतिशत, तथा महिला साक्षरता ६५.६७ प्रतिशत देखिन्छ। विद्यालयमा भर्ना दर ९९ प्रतिशत देखिन्छ, जवकि राष्ट्रिय भर्नादर ९६ प्रतिशत देखिन्छ (धुलिखेल नगरपालिका)।

3 चन्द्र शमशेरका सल्लाहकार मध्येका कृष्णचन्द्र अर्याल र वैजनाथ जोशी (सेढाई) ले *गोरखाभाषा*, पृ१०-११मा यसरी लेखेका छन् - *वर्तमान समय (आजकल) जुन भाषा हामीहरू व्यवहार गर्दछौं, सो भाषा खूद " गोरखा भाषा" (राज-भाषा) हो। यदि यस भाषाको सारा गोरखा (नेपाल) राज्य अरू भाषाका भन्दा विशेष प्रचार छ, प्रायः सवै जातिका मानिसले यथाकिंत्चित्मात्र पनी बुझ्दछन्, जस्द्वारा सवै जातिका दुनियाँको व्यवहार पनी चलीरहेको छ, सुगम पनी छ, ता पनी अझ सम्म एक ही "गोरखा भाषा" को सर्व-व्यापकता हुन सकेको छैन; किन्तु नेवार,भोटे, मगर, गुरूङ्ग, लिम्बू, सुनुवार, दनुवार, थारू प्रभृत्तिका जङ्गली भाषाहरूले पनी आफ्ना जन्मस्थानलाई एकदम छाड्न सकेका छैनन्। जहाँ सम्म एक मात्र "गोरखा भाषा" ले अरू सवै जङ्गली भाषालाई अर्ध-चन्द्र (गलहत्ती) लगाउन्न, तहाँसम्म "गोरखा भाषाको उन्नति हुन्छ" भन्नु र "मूख्य भाषा कहिन योग्य छ" भन्नु केवल मनोकड्ड मात्र हो।*

©omkareshworshrestha

धुलिखेलको शैक्षिक इतिहासको कुरा गर्दा बनेपा र पनौतिलाई पनि समेट्नु पर्ने देखिन्छ। बनेपामा राजनैतिक चहलपहल राणाकालमै निकै देखिएको छ । विसं १९८५को सेरोफेरोतिर महावीरस्कूलको स्थापना भएको देखिन्छ। त्यसमा बनेपामा रहेका कामग्रेसीहरुको ठुलो हात रहेको देखिन्छ[4] । त्यसपछि २००७ सालको क्रान्ति सफल भएपछि त्यस स्कूलसित संबध्द रहेका कांग्रेसीजनहरू खासगरी राजदासवादे श्रेष्ठको सक्रियतामा उन्कै घरमा आजाद हाइस्कूलको स्थापना गरे। उहा भारतको वनारसबाट पढाइ सकेर नेपाल आउदैगर्दा हवाइजहाज दुर्घटनामा परेर २०१४ सालमा देहावसान भयो। पछि उक्त स्कूल चण्डेश्वरी प्राथमिक स्कूलको नामबाट पनि संचालित हुनपुग्यो। उक्त स्कूल खोल्ने क्रममा आसाकाजी सेवक, ज्ञानकाजी मानन्धर जेलपरेको सुनिन्छ।

बनेपामा माध्यमिक भएर पनि धेरै समयसम्म पनि एसएलसीको परीक्षा केन्द्र बनेन । विसं २०२५ सालतिर अखिल नेपाल राष्ट्रियस्वतन्त्र विद्यार्थी युनियनका विद्यार्थीहरूलाई बनेपा केन्द्र बनाउनु पर्ने भयो। तर तयससालको लागि परीक्ष केन्द्र तोकीसकिएको थियो। वीरवहादुर केसी, गिरीबहादुर केसी, बालमुकुन्द खरेल, निर्मल अर्याल, खड्गबहादुर केसी, र गोविन्द चित्रकारको टोली शिक्षा मन्त्रीलाई भेट्न गयो। केन्द्र तोकी सकिएकोले बनेपामा केन्द्र बनाउने कुरामा सहमती जुटेन। विद्यार्थीहरूले पछि रत्नपार्क र भूगोलपार्कमा ७ / ८ दिनसम्म एस एलसी हुन नदिने आन्दोलन चलाए । बार्ता भयो र बनेपामा त्यही साल केन्द्र तोकियो[5]।

बनेपामा आजाद स्कूल खुलेपछि धुलिखेलका यूवाहरूमा पनि जोशजाँगर बढ्यो। बनेपाकै यूवा प्रेमबहादुर राजवंशीलाई प्रधानाध्यापक बनाएर २००७ /०८ सालतिर सञ्जीवनी निम्न माध्यमिक विद्यालय खुल्यो। उहाँ दार्जीलिङबाट अध्ययन सकेर आउनु भएको थियो। सो स्कूल संचालनको लागि धुलिखेलका तत्कालीन यूवाहरू *दुटोल (दथुटोल)* का न्हुच्छेलाल यगोल,

DRAFT

---

[4] यो कुरा बनेपा निवासी श्रीमती रमा कर्णजीतले २०७७ /०३ / १४ गते दिउसो दिनुभएको जानकारी हो। उहाँले धुलिखेलमा करीव तीनदशक धुलिखेलको सञ्जीवनी माध्यमिक विद्यालयमा शिक्षिका भएर सेवा गर्नु भएको थियो।

[5] यो कुरा बनेपाबाट काठमाडौमा वसाई सर्नुभएका श्री रामभक्त भोमिले २०७७/०३/१४ गते साँझ टेलिफोनबाट जानकारी गराउनु भएको हो। उहाँ बनेपाको साहित्यिक समाजमा सक्रिय हुनुहन्थ्यो।

©omkareshworshrestha

हरिलाल यगोल, जगतबहादुर यगोल, *चोछेँटोलका* जगतबहादुर चोछेँ, *इटोलका* नारायणदास वरूण, *वटोलका* कपुरलाल माकःजु र रेशमलाल माकःजुको समूहले शुरुमा जिम्मा लिए। तिनीहरुलाई बालकृष्ण खोजुले सचिव भएर, अनि विष्णुबहादुर खोजुले अन्य प्रशासनिक काममा सघाए। यी यूवाहरूले घरघरमा मुठ्ठीदान उठाए, धुलिखेल तथा आफन्तहरू रहेका विभिन्न जिल्लाहरू र भारतको दार्जिलिङ सिक्किमबाट समेतबाट सहयोग प्राप्त गरे। २०२० /२१ सालतिर तत्कालीन मन्त्रिपरिषदका अध्यक्ष तुलसी गिरीले सञ्जीवनी हाइस्कूलको शिलान्यास गरे। प्रधानाध्यापक वेदप्रसाद कोजु हुँदा विस २०२३ सालदेखि एसएलसीको केन्द्र समेत धुलिखेलमा रहेको कुरा स्थानीयले बताए[6]। उक्त स्कूल २०१८/१९ तिरै माध्यमिक विद्यालय भएपछि प्रधानाध्यापक प्रेमबहादुर राजवंशीले छोड्नु भयो। सो ठाउमा वीरगञ्ज निवासी रत्नदास वैद्य प्रधानाध्यापक भएर आउनु भयो। त्यसपछि उहाँ फेरी वीरगञ्ज सरूवा भएर जानुभयो। सो ठाउमा चाबहील निवासी पूर्णामानसिंह बस्नेत आउनु भयो। उहाँ यही विद्यालयबाट उमेरका कारणले निवृत्त हुनुभयो। पछि यस विद्यालय अमरनाथ यगोल, र निर्मला यगोल क्रमशः प्रधानाध्यापक भए।

बनेपा र धुलिखेलको प्रभावबाट पनौतिलाइ पनि छोएको देखिन्छ। २०२८सालमा खोपासीको राम माध?यमिक विद्यालयालाई माध्यमिक बनायो। तर पनौतिमा माद्यमिक विद्यालय दिएन। फलस्वरूप पनौतिका यूवाहरूले अभियान चलाए र पूण्य माध्यमिक विद्यालय माध्यमिकमा परिवर्तन भयो। लक्ष्मणसुन्दर सैंजु, श्यामसुन्दर सैंजुले पनि महत्त्वपूर्ण भुमिका निर्वाह गरेको देखिन्छ। पछि ईन्द्रेश्वर माध्यमिक विद्यालयमा हरिसुन्दर सैंजु प्रधानाध्यापक भए। त्यसपछि कमलासैंजु हुनभयो [7]।

[6] यो कुराको जानकारी धुलिखेलनिवासी श्री महलकाजी यगोलले मिति २०७७।०३।१४ गते साँझ ७.५६ बजे टलिफोनवार्ताबाट दिनुभएको हो।

[7] यो जानकारी बनेपा निवासी श्री हरिशंखर मानन्धरले २०७७ ०३ १४गते दिउँसो दिनुभएको हो। उहाँ जिल्ला शिक्षा अधिकारीको हैसियतले लामोसमय धुलिखेलमा पनि कार्यरत रहनु भयो।

©omkareshworshrestha

प्रथम विश्वयूध्द र भारतीय स्वतनत्रताको संग्रामबाट नेपाली बुज्रुकहरूमा परेको प्रभाव विर्सन सकिन्न । यसै परिप्रेक्षमा माधवराज जोशीले नेसं १०२५ (विसं १९५२) मा आर्य समाजको मत प्रचार गरे । नेपाल उपत्यकामा नेस १०४०, विस (ईसं १९२०) मा आर्य समाजको कार्यालय स्थापना, तुलसीमेहर श्रेष्ठले गरेको गान्धिवादी चर्खा प्रचार आन्दोलन (नेसं १०४५ - १०४६) , त्यसपछि नेपाल बाहिर बसेर सुर्यविक्रम ज्ञवालीको संपादनमा काशीबाट *गोर्खाली* (नेसं १०३५ / विसं १९६२) साप्ताहिकको माध्यमबाट (विसं १९७२ आश्वीन ११ देखि १९७३ चैत्र ५ तक), देवीप्रसाद सापकोटा र कृष्णप्रसाद कोइरालाको राणाविरोधी प्रचार, धरणीधर कोइरालाको *नैवेद्य* (नेस १०४० / विसं १९७७) आदि घटना नेपाली समाजमा आएको जागरणको पहिलो आभाष मान्नु पर्छ (क. मल्ल नेसं १०९९, ८)।

भीम शमशेरको समयमा(नेसं १०४९-१०५३ / विसं १९८६-१९९०) योगवीरसिं र उहाका अन्य बौध्द मतावलम्वी साथीहरुले नेसं १०५० (विस १९८७) मा शुरु गरेको आदम्बर मत (मांश नखाने, मध्यपान नगर्ने, ब्राह्मणलाई नढोग्ने) जस्ता सामाजिक सुधारवादी पाइला, योगवीरसिं कंसाकार, वैकुण्ठप्रसाद लाकौल, हरिकृष्ण श्रेष्ठ, चित्तधर 'हृदय' र अन्य ४५ जना संलग्न रहेको लाइब्रेरी पर्व (नेसं १०४९ / विसं १९८६) देखि प्रचण्ड गोरखा जस्तो (नेसं १०५१ / विसं १९८८) राणा विरोधी राजनैतिक षडयन्त्रकारी संगठनको गठनसम्म पनि नेपाली समाजमा आएको उभार नै हो । यस पछि जुध्द शमशेरको पालामा घटनाको शृङ्खला नै जोडियो । (नेसं १०५३ - १०६५/ ईसं १९३२-१९४५ डिसेम्वर ३) मा काठमाडौं खिउलँ टोलका फत्तेबहादुर सिंको घरमा महावीर स्कूलको स्थापना भयो । उक्त स्कूल भारतीय राष्ट्रिय विद्यापीठको अनुकरण गर्दै स्थापना भएको थियो। त्यहा अध्यापन गर्ने शिक्षक र संस्थापकहरू –फत्तेबहादुर, चिनियाँमान, रामेश्वर, आनन्दमान, चन्द्रमान मास्के, पूर्णबहादुर, पूर्णनारायण, पूर्णदास, टंकविलाश, गंगालाल,इन्द्रप्रसाद प्रधान, सिध्दिचरण श्रेष्ठ, वाकपतिराज प्रभृति सबै त्यतिबेलाका प्रबुध्द र उत्साही युवा अभियन्ताहरू थिए । यहीकुरा 'नेपाली नागरिक अधिकार समिति'(स्थापित नेसं १०५७ / ईसं १९३७) का संस्थापक शुक्रराज शास्त्री, केदारमान व्यथित, मुरलीधर शर्मा, आनन्दराज, शंकरप्रसाद शर्मा, त्यस्तै 'नेपाल प्रजा परिषद'

©omkareshworshrestha

(स्थापित नेसं १०५६ / विसं १९९३ जेठ २२ / ईसं १९३७) का संस्थापकहरू टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त, रामहरि शर्मा, जीवनराज आदिको विषयमा पनि उत्तिकै लागू हुन्छ । नेपालभाषाको पुनर्जागरणको यी घटनासित कुनै सम्बन्ध छैन भन्नु सामाजिक चेतना र जागरणसित भाषा र सहित्यको केही सम्बन्ध भन्नु जस्तै हुन्छ। नेसं १०६० / विस १९९७ साल कात्तिक २ गते देखि प्रजा परिषदका सदश्य र समर्थकहरूलाई पक्रे। राणाहरूले दशरथ चन्द, शुक्रराज, धर्मभक्त, र गंगालाललाई मृत्यु दण्ड दिए, कसैलाई जन्मकैद, कसैलाई जातिच्यूत, कसैको सर्वस्वहरण, कसैलाई १८वर्ष कैद गरर। चित्तधर लगायत ३०जनालाई जेल पठाए। यस घटनाले नेपालको सामाजिक राजनैतिक इतिहाँसले एउटा फड्को मार्यो। नेपालभाषा साहित्यले पनि पुनर्जागरण युगवाट कोल्टे फेरेर जेलकाल वा भित्र र (Exile) बाहिरको यूगमा प्रवेश भयो। प्रचण्ड राजनैतिक दमनको यस्तो समयमा नेपालभाषाले धर्म, विशेषतः बौध्द धर्म, इतिवृतात्मक कविता, नैतिक शिक्षा, मातृभाषाको शिक्षा र जागृतिसूचक सुधारवादी गद्य र पद्य बाट आँखा खोल्यो। '*हय् मस्त दँ दँ मिखा निगः कँ, कँ*' (हे बालकहरू उठ उठ, दुइटै आँखा खोल, खोल) बोलको झिसमिसेको सन्देश धर्म र नीतिको क्षेत्रमा प्रवेश गर्यो। धर्मको क्षेत्रमा रूढी र अन्धविश्वासले भरिएको देखेर प्रबुध्द बौध्द धर्मका महायानी ग्रन्थमा मौलिक संस्कृत भाषालाई जनभाषामा अनुवाद गरी धर्मको शील र पवित्रताको आलोक समाजमा छर्ने प्रयास गर्नु भयो। त्यसैगरी मातृभाषाको माध्यमबाट दिइएको शिक्षाबाट बालकहरूको बौध्दिक विकास छिटो हुन्छ भन्ने कुरो बुझेर जगतसुन्दर मल्लले (Aesop's Fables) *ईसपया वाखँ* नाममा नेपालभाषामा अनुवाद गर्नु भयो । यसरी नेसं १०२९(विसं १९६६)मा *अष्टसहस्रिका प्रज्ञापारमिता*बाट पहिलो २१वटा श्लोक अनुवाद गरी *एकविंशति स्तोत्र* निकालेर धर्मको आडमा भाषा र साहित्यको पुनर्जागरणको जग बसालेदेखिन् एक दशकमा प्रकाशित यी पुस्तकहरू पं निष्ठानन्द बज्राचार्यद्वारा लिखित *एकविंशति स्तोत्र* (नेसं १०२९ / विसं १९६६), *ललित विस्तर* (नेसं १०३४ / विसं १९७१), माष्टर जगतसुन्दर मल्लद्वारा अनुदीत *इसपं दएकूगु बाखं* (नेसं १०३५ / विसं १९७२), जीवरत्न बज्राचार्यद्वारा रचित *अपारमिता* (नेसं १०३७ / विसं १९७४), *दानगाथा* (नेसं १०३९ / विस १९७६) सहित भाषा उल्था गरिएका पुस्तक हुन् । निःसन्देह भन्न सकिन्छ कि

©omkareshworshrestha

निष्ठानन्दले रचना गर्नु भएको *ललितविस्तर*को नेपालभाषा साहित्यमा विशिष्ट स्थान छ । यो पुस्तकको नाम *ललितविस्तर* भएपनि संस्कृतको *ललितविस्तर* जस्तै बुध्दको जीवनीमात्र हैन। यसमा मूलमूल महायानी बौध्दग्रन्थ र सुत्रदेखि स्वयम्भूपुराण समेत अनेक उध्दरणको भावार्थ र एउटै कथा सूत्रमा उनिएको छ । यो पुस्तक नेपालभाषाको गद्य साहित्यमा त्यस्तो नमूना कृति हो जस्को आलोकमा नेपालभाषामा धार्मिक गद्यको साथै लौकिक गद्य पनि वामे सर्दा सर्दै विसं २००७ सालको क्रान्तसम्म पुग्न सक्यो । पुनर्जागरण यूगमा *मौलिक* साहित्यकारहरूमध्ये सिध्दिदास महाजु उल्लेखनीय हुनुहुन्छ। निष्ठानन्द बज्राचार्य विशुध्द धर्म र जगतसुन्दर मल्ल नीति र मातृभाषाको माध्ममा शिक्षाको बाटो हुँदै प्रस्तुत हुनभएको छ। सिध्दिदासले मातृभाषानुराग, इतिवृत्तात्मक, र सामाजिक सुधारवादको सन्देश लौकिक कवितामा भित्र्याउनु भयो। उहाँको कविता नै समाजमा चेतनाको आलोक छर्ने साधन बन्न पुग्यो। उनको *सज्जनहृदयाभरण* (नेसं १०४० / विसं १९७६) मा कवित्व भन्दा नितिको बोध हुनसक्छ। तैपनि एकातिर नेपालभाषामाथि निर्मम दमन भैरहेको र अर्कोतिर लेखनाथ पौडेल, सोमनाथ अर्याल, र चक्रपाणि चालिसेहरूको नीतिवादी कविता, माधवराज जोशीको आर्य समाज मतको प्रचार र देश बाहिर धरणीधर कोइरालाको *नैवेद्य*को प्रकाशन त्यही साल हुनु – यस सन्दर्भमा सिध्दिदास महाजुको भाषानुराग नै एउटा सामाजिक र राजनैतिक महत्वको भावना भन्दा फरक पर्दैन। हिन्दू धर्मका रूढीवादी कट्टर पूजक र भाषामा नेपाली बाहेक अरूलाई 'गलहत्ती' लाउनु पर्छ भन्ने पूज्य राणा शासकहरूको चकाचकीको समयमा आफ्नो मातृभाषाप्रत अनुराग दर्शाउनु, त्यसमाथि नेपालभाषा, धर्म र सामाजिक कुरीतिबाट सुधारको चेतना भर्नु यो अग्रगामि चिन्तनको चिन्ह हो (क. मल्ल नेसं १०९९, ७-११)।

सिध्दिदास महाजुको *सज्जनहृदयाभरण*को प्रकाशन र 'जेलकाल'को वीचमा मात्र २०वर्षको अन्तर छ। यो २०वर्षमा नेवार समाजको चेतना देखिने गरी बढेको देखियो। गणनामा १२वटा पुस्तक निस्केको देखियो । तर यस अवधिमा नेपालभाषाको पहिलो साहित्यिक संगठन कलकत्तामा 'नेपालभाषा साहित्यमण्डल'को स्थापना नेसं१०४६(विसं १९८३) माघ शुक्ल पञ्चमीमा भयो। पहिलो पत्रिका *बुध्दधर्म व नेपालभाषा* (नेसं १०४५-४८ / विसं १९८२-१९८५)

©omkareshworshrestha

प्रकाशन भयो। नेपालभाषा र साहित्यको विषयमा खोजपूर्ण लेख 'नेपालभाषा व थ्वया साहित्य' (नेसं १०४६ / विसं १९८३) लेखियो। नेपालभाषाको प्रचार प्रसारको लागि संगठीत प्रयास धर्मादित्यले गर्नुभयो। यही अवधिमा शुक्रराज शास्त्रीले *नेपालभाषा व्याकरण* (नेस १०४८ / विसं १९८५) र *नेपालभाषा रिडर* निकालेर भाषाको मानकीकरण गर्न थाल्नु भयो। यसै अवधिमा पद्य विधामा विशेषतः योगवीरसिंको कविता र फत्तेबहादुरको *नेपाली विहार* (नेसं १०५९ / विसं १९९६) देखा परे। पद्यमा सुधारवाद, भाषानुराग, र जागृतिसूचक सहीत गीति तत्व र व्यक्तिवादको पूर्वाभाषले स्थान पाउन खोजेको झल्को 'ह्ययूत्यंगु स्वां' मा देखियो। योगवीर सिं, फत्तेबहादुर, वैकुण्ठप्रसाद लाकौल, चित्तधर 'हृदय', सिध्दिचरण प्रभृतिका कविताले सिध्दिदासलाई पछिल्तिर धकेल्ने कोशिस गरेको देखिन्छ।

जुध्द समशेर प्रधानमन्त्री भएपछि चन्द्र शमशेर र भीमशमशेरलाई पनि मात गरे। नेपालभाषामा पुस्तक निकाल्ने र *बुध्दधर्म व नेपालभाषा* पत्रिकामा लेख्ने सवै लेखकलाई नेसं १०५४ / विसं १९९१ सालमा जावलाखेल दरवारमा बोलाएर 'नेपालभाषामा नलेख्नु' भन्ने हुकुम दिए। 'अटेर गरेमा भीमसम्शेर महाराजले जस्तै सजायँ गर्नु पर्ला' भनेर धम्की दिए।

नेसं १०५० / विसं १९८७ को भएको धरपकडमा ६५जना परे। तीमध्ये महावीर ईन्ष्टीच्यूटका २८ जना शिक्षक, नेपाली नागरिक अधिकार समितिका २१ जना र नेपाली प्रजा परिषदका धेरैजसो सदश्य परका थिए। नेपाल खाल्डोका तत्कालीन उत्साही, जागरूक, र प्रबुध्दवर्ग सवैजसो पक्राउ परेकोमा नेपालभाषा र साहित्यप्रेमी अनेक सज्जनहरूलाई पनि समाते। यस्मा नेपालभाषाअनुरागीहरू राजनैतिक रूपमा प्रतिबध्द जमात नभएकोले जेलको माहौलमा रम्न बडा गाह्रै परको सुनिन्छ। त्यस्तो परिस्थितमा गणेशमानसिंले ती अनुरागीहरूलाइ जेल भित्र साहित्य सिर्जना गर्ने माहौल बनाएदिए। त्यसकालागि साप्ताहिक रूपमा साहित्य सम्मेलन गर्ने। त्यसको सम्पूर्ण व्यवस्थापन उहाँले गर्ने। सभा, मञ्च बनाउने दर्शकदीर्घाको लागि सुकूल गुन्द्रीको व्यवस्था गर्ने, कोठाकोठामा गएर लेखकहरूलाई पालोको खवर दिने काम उहाले गर्नु हुन्थ्यो। त्यसबाहेक उहाँ राम्रो स्रोता पनि हुनुहुन्थ्यो। अझ उहाँ सिध्दिचरणको कतिपय कविता त उहाँले मुखाग्र कण्ठ पार्नु

©omkareshworshrestha

भएको थियो[8]। गणेशमान आफै साहित्य नलेख्ने, तर सबैले लेख्ने भएपछि उहाले पनि नेपालभाषाको शब्दकोशका लागि शब्द संकलन गर्नु भयो [9]। तर दुर्भाग्यवश उक्त संग्रह आजसम्म हातपर्न सकेको छैन । जेलबाट नेसं १०५५ (विसं १९९७) पौष शुक्ल पूर्णिमाका दिन नेपालभाषाका १८ जना 'राजनैतिक वन्दीहरू' रिहा भए । कविता भनेकै थाहा नहुने ती राजबन्दीहरू कवि भएर निस्के । त्यस्मा विशेषतः केदारमान व्यथितज्यूको *प्रतिक्षा, दिवस चित्र, ख्वविप्याःगु मे* र *अभिसारिणी*, फत्तेबहादुर सिंहज्यूको *वनवासया छगू खँ*, धर्मरत्न यमिज्यूको *अर्हतनन्द* महाकाव्य, *विश्वन्तरया मचात दान*, हरिकृष्ण श्रेष्ठज्यूको *ख्वबि*, सिध्दिचरणज्यूको *सीस्वां*, चित्तधर हृदयज्यूको *गौतम बुध्द*, *हृदय कथा, अन्तर्ध्वनि*, र *सुगतसौरभ* महाकाव्य उल्लेखनीय छन् । जेलकाल अरूकालागि अप्रिय भएपनि नेपालभाषा साहित्यलेखनका दृष्टले वरद साबित भयो ।

राणाकालमा नेपालभाषालाई खसाल्न के मात्र गरेनन् ? नेपालमा किताव निकाल्न खोजे समितिले पास अनेक बहना गरी पास नगर्ने, देशबाहिरबाट निस्केको पत्रकामा लेख छपाए तर्साउने, दण्ड, जरिवाना गर्ने, जेलमा कोच्ने, सर्वस्व हरण गर्ने । सारनाथ, कालिम्पोङ, दार्जलिङ, चितागञ्ज

8 नेपाली कंग्रेसका सर्वमान्य नेता, लौहपुरुष गणेशमान सिं, कविवर सिध्दिचरण श्रेष्ठ र कम्पाउण्डर चन्द्रमान सैँजु १९९७ साल पर्वमा जेलमा संगै परका साथी हुन् । निज सैँजूकी श्रीमतीको २०३७।७।१०मा मृत्यु भयो । मलामि जाँदा शोभा भगवतीमा सवैको भेट भयो । कुरैकुरामा काजीदाइको 'करवीर' कविताको कुरो चल्यो । सिध्दिचरणलाई साथीभाइले काजीदाइ भन्दा रहेछन् । गणेशमानसिंले सिध्दिचरणको **करवीर** नामक कविता त्यही कण्ठ सुनाए। सिध्दिचरणले उक्त कविता विर्सिसकेका रहेछन्। उत्निखेरै त्यहीँ बसेर सिध्दिचरणले गणेशमानको मुखबाट कविता वाचन गराएर टिपेछन् । सो कविता सिध्दिचरणको कविता *मृत्यू* संग्रहमा परेको छ। यो कुरा योगेन्द्रमान श्रेष्ठल २०७६।१।१६गते जानकारी दिएका हुन्। निज श्रेष्ठ नेपालभाषामामात्र लेख्ने ईतिहाँसका लेखक हुनहुन्छ। उहाँ काठमाडौ क्षेत्रपाटी निवासी हुनहुन्छ।

9 जेलमा गणेसमान सिं र धर्मरत्न यमिको बीचमा प्रायः प्रतिस्पर्धा हुने रहेछ । प्रतिष्पर्धाकै क्रममा एकदिन *घ्वालिंघ्वालिं* शब्दको अर्थ धर्मरत्नलाई गणेशमानले सोधेछन् । त्यसको उत्तर यमिले दिन सकेनन् । त्यहाँ चित्तधर पनि थिए । चित्तधरलाई पनि आएन । त्यसको उत्तर गणेशमानले *घंगला* (घुंघरू, नुपूर) हुन्छ भने । अनि गणेशमानले शब्द सम्झिदै लेख्न थाल्नु भयो । १०,०००(दशहजार) शब्द सम्म पुर्‍याउनु भएछ । भाग्न चाँजोपाँजो मिल्यो । भाग्दा आफ्नो जिउज्यानको त सुरक्षा हुँदैन । त्यसैले पुस्तकको सुरक्षार्थ जेलको एउटा खोपामा सुरक्षित पार्नु भयो । त्यसपछि त्यहाँबाट भाग्न सफल हुनु भयो । प्रजातन्त्र आएपछि गृहमन्त्री बन्नु भयो । सोही जेल निरीक्षणमा जानु भयो । उक्त पुस्तक पाइन्छ कि भन्ने झिनो आसाले खोज्नु भयो, तर फेला परेन ।

©omkareshworshrestha

र कलकत्ताबा छपाए नेपालमा भंसार र हुलाकले रोक्ने । हुदा हुदा नेसं १०६३(विसं२०००)मा प्रकाशित *ज्ञानमाला* पुस्तकको भजन गाएकोले ज्ञानमाला भजन खलकलाई एक वर्ष भन्दा बढी तारिखमा राखेर दुख दिए । त्यतिले पुगेन, ज्ञानमाला पुस्तक बेच्ने भक्तबहादुरलाई पसलै खोल्न नपाउने वन्देज लगाए । धर्म र भाषाको दमन गर्न कुनै कसर छाडेनन् । नेसं १०५७ – ६२ (विसं १९९४-१९९९) सम्म सारनाथ, कुशीनगर, चितागंज, कालिम्पोङ आदि स्थानबाट भिक्षुहरूको प्रयत्नबाट अनुवाद र मौलिक गरी ११वटा पुस्तक छापियो। यिनै भिक्षुहरूको प्रेरणां नेसं १०६१(विसं १९९८) देखि वनारसबाट निस्कने *धर्मदूत* पत्रिकामा नेपालभाषाको ३।४ पेज छापिन थाल्यो । राणासरकारको बक्र दृष्टि पर्नु स्वाभाविकै हो। नेसं१०६२ (विसं १९९९) ताका श्रीलंकाबाट अध्ययन सकेर भिक्षु अमृतानन्द नेपाल फर्के। उहाँले त्यहाँ पाली र थेरवादी बुध्द धर्मको अध्ययन गर्नुभएको थियो। उहाँको प्रभावकारी धर्मदेशना सुन्न धेरै मानीस जम्मा भए। त्सै गरी भारत लंका र बर्मामा यात्रा तथा अध्ययन सकेर अरू भन्तहरूपनि नेपाल फर्के। यी सवै देखेर राणासरकार क्रुध्द बन्यो। भिक्षुहरूको चरित्र हत्या गर्न थाले। नेसं १०६४ (विस २००१) को वर्षावासको बीचैमा देशनिकाला गरे। ठाउँ ठेगाना नदेखेर कलकत्ता, बनारस, कालिम्पोङ, कुशीनगर, चितागञ्ज, बर्मा, लंकासम्म पुगे।

ठाउँ, ठेगाना नभएका भिक्षुहरूको व्यवस्थापन गर्न धर्मोदय सभाको गठन नेसं १०६५ (विस २००२, ईसं १९४४ डिसेम्वर ३०) मा भयो । सारनाथमा यो काम हुदै गर्दा नेपालमा १८जना 'राजबन्दीहरू' नेपालभाषाको काव्यालोक सिंगार्ने कृति लिएर जेलमुक्त भए। त्यस्को दुईमहिना पश्चात नेसं १०६५ (विसं २००२ मंसीर १४) मा जुध्द शमशेर राज्य त्याग गरी 'वाप्रस्थाश्रम'मा जाने घोषणा गरे। त्यसपछि उदारपन्थी पद्म शमशेर प्रधानमन्त्री भए। सोही साल लंकाबाट नादथेरको नेतृत्वको बौध्द शिष्टमण्डलले पद्म शमशेरलाई भेटे। भेटमा देशनिकाला भएका भिक्षुहरूलाई नेपाल फर्काउने सहीत नेपालभाषालाई केही छुट हुनु पर्ने माग राखे। त्यस्को परिणाम स्वरूप हुलाक र भंसारले रोकीराखेको पुस्तक फर्काए। साथै नेसं १०६७ कौला (विस २००३ कात्तिक १९) देखि

©omkareshworshrestha

समिति अड्डामा माष्टर खड्गमान मल्ललाई निरीक्षण गराइ नेपालभाषाको पुस्तक पास गर्ने छुट्टै विभाग खोलियो।

१०७० (२००७) सम्ममा ९६वटा पुस्तक निस्केको देखिन्छ। यति पुस्तक निक्लनु चिनको लामोयात्राभन्दा कम गाह्रो कुरो होइन (क. मल्ल नेसं १०९९, २१)। विसं २००७ को सशस्त्र क्रान्तिले राणालाई ढाल्यो। समित नेपालभाषा सेन्सर विभाग खोलेदेखिन् २००७ साल फागुन ७ गतेसम्म चारवर्षको समयावधिमा सेन्सरको लागि ११५ वटा पुस्तक आयो। यति त सेन्सरमा आएको भयो, नआएका पनि कति होलान् (ख. मल्ल १;५-६)। कमसेकम प्रजातन्त्रपछि नेपालभाषामा लेखे बापत राणाहरूको समयमा जस्तो राजद्रोहीको सजायँ भोग्नु परेन। सैध्दान्तिक रूपमा आआफ्नो मातृ भाषाको विकास गर्ने समान अधिकार रहेको कुरा सामाजिक रुपमा स्वीकार्य भयो। २००७ माघ ५गते 'प्रजातन्त्र नेपाल रेडियो' स्थापना भयो[10]। यसमा नेपालभाषाबाट पनि समाचार प्रसारण भयो।

वीरगञ्जमा नेपाल राष्ट्रिय विद्यापीठ स्थापना भयो।यस विद्यापीठले नेपालभाषालाई पनि शिक्षाको एउटा वैकल्पिक माध्यम बनायो। नेपाली शिक्षा परषदले ईच्छाधिन विषयको रूपमा नेपालभाषालाई पाठ्यक्रममा समावेश गर्यो। नेपाल सरकारले एसएलसी परीक्षामा भर्नाकूलर तथा ओरियन्टल लाङ्ग्वेज पेपरको रूपमा नेपालभाषाको पाठ्यक्रम स्वीकृत भै नेसं १०७४ (विसं २०११) देखि परीक्षा दिन पाउने व्यवस्था भयो। नेसं १०७५ (विसं २०१२) देखि वीरगञ्जबाट सञ्चालन हुने नेपाल राष्ट्रिय विद्यापीठ(नेरावि)ले प्रवेशिकादेखि विद्यालंकार सम्म स्थान दियो। नेसं १०८० (२०१६) सालमा कला संकाय अन्तर्गत मूलविषय र कमर्स, विज्ञान संकाय अन्तर्गत भर्नाकूलरको रूपमा इन्टरमिडियट लेभलमा पढाइयो। नेसं १०८२ (विसं २०१८)मा नेपालभाषा मूलविषयको रूपमा बीए लेभलमा पढाइयो।

---

10 यो रेडियोको पहिलो प्रशारक गजेन्द्र प्रधानाङ हुनुहुन्थ्यो। उहाँले धनकुटाबाट प्रशारण गर्नु भएको थियो। पछि यसलाई विराटनगर सारिएको थियो।

©omkareshworshrestha

नेसं १०९१(२०२८) सालमा नयाँ शिक्षा प्रणाली लागू भयो । उक्त शिक्षाले साधारण माध्यमिक विद्यालयमा पढाइ हुने तीनवटा पूर्वीय भाषाहरू *नेपालभाषा, मैथिली हिन्दी*लाई संस्कृत, अंग्रेजी, फ्रेञ्च, रसियन, जर्मन, जापानी, पोर्चुगाली, स्पेनीश, चिनिया, तिब्बती, उर्दू, अरवी, फारसी, भोजपुरीसित मिसाएर १७ वटा भाषा समूहको विषय बनायो । साथै गणित, भौतिकशास्त्र, रशायनशास्त्र, जीवविज्ञान, शरीररचना विज्ञान, ग्रामीण अर्थशास्त्र, गृहविज्ञान, गरी २४वटा विषय मध्येबाट छान्नु पर्ने विषय बनायो । नयाँ शिक्षा लागू भएपछि देशभित्रको भाषा *नेपालभाषा, मैथिली*को लागि देशै नयाँ बन्यो । यी विषय पढ्ने विद्यार्थीले विज्ञान, गणितजस्तो विषय छोडेर मातृभाषा पढ्ने कुरै थिएन र भएन पनि । फलस्वरूप नेपालभाषा विषय पढ्ने विद्यार्थी नभएको भन्दै विषय हटाउन थाले । राणाकालमा सिधै हप्की दप्की गर्थे भने शाहकालमा अलि घुमाउरो बाटो बनाए । कुरो एउटै हो-देश भित्रका मातृभाषालाई नास्ने, मास्ने अभियानलाई निरन्तरता दिने । पृथ्वीनारायण शाहको एक देश बनाउने अभियान थियो भने तत्कालीन शासकहरू एक भाषा बनाउने, जंगलीभाषाहरूलाई ‘अर्धचन्द्राकार’ लगाउने अभियानमा लागे (अर्याल विसं १९७४) ।

नेसं १०९७ (विसं २०३४) देखिमात्र डिग्री बाइ डिजर्टेशन गर्ने व्यवस्था भयो (जोशी नेसं१११८, ३१-३८)। त्यस व्यवस्थाबाट कृष्णसुन्दर मल्ल मात्र उत्तीर्ण भए (न. श्रेष्ठ नेसं ११२५, ९२-९९) । त्यसको चारवर्ष पछि नेसं ११०१ (विसं २०३८ भाद्र ४) गते एमए नियमित कक्षा संचालन भयो । नेपालभाषाका विद्यार्थीहरू ६० देखि माथिको संख्यामा अध्ययन गर्दै थिए । नेसं ११०९ चौलागा ९ (विसं २०४२ वैशाख १ गते) राजपत्रमा तत्कालीन श्री ५ को सरकारको निजामति सेवामा पदोन्नति हुने नम्बरमा नेपालभाषा, मैथिली, हिन्दी, गृहविज्ञान, आदि विषयलिएर पढ्नेलाई नदिने भयो । यो खवरले कतिपय कर्मचारि वकिद्यार्तीले बीचैमा पढाइ छोडे । फेरी नेपालको अन्तरिम संविधान २०६३मा मातृभाषामा शिक्षापाउने हकको व्यवस्था गर्दै नेपाल सरकारको सेवामा पदोन्नति हुन नेपालभाषालाई पनि मान्यता दियो (जोशी नेसं१११८, ३८)।

आजसम्म नेपालभाषामा पाँचजनाले विद्यावारिधि गरीसकेका छन् । अहिले आठजना विद्यावारिधि गर्दै हुनुहुन्छ । त्रिविले हालै पीयचडी वीथ क्लास वर्क योजना ल्याएको छ । नेपालभाषा

DRAFT

©omkareshworshrestha

केन्द्रीय विभागले यस कार्यक्रमका लगि पाठ्यक्रम निर्माण गरिसकेर २०७६को साउने सत्रको कक्षा संचालन गरेको छ। यसमा ६ जना विद्यार्थी अध्ययनरत छन्।

१.२ उद्देश्य

धुलिखेल नगरपालिका क्षेत्रभित्रका विद्यालयमा नेपालभाषाको माध्यमले शिक्षा दिलाउने उद्देश्यले यो अध्ययन गरिएको छ।

१.३ विधि

१.३.१ सीमाङ्कन

यस अध्ययनमा धुलिखेल नगरपालिका भित्रका विद्यालय मात्र समेटिएका छन्।

१.३.२ तथ्याङ्क

यस अध्ययनमा धुलिखेल नगरपालिका भित्रका विद्यालयमा क्षेत्रगत कार्यबाट तथ्य संकलन गरिएको छ।

१.३.३ विश्लेषण

१.४ अध्ययन संगठन

DRAFT

©omkareshworshrestha

भाग २ नेपालभाषाको स्थान

२.१ नेपालमा नेपालभाषाको स्थान

यस भाषाका वक्ता सघन रूपमा नेपाल खाल्डो तथा छरछिमेकका जिल्लामा केन्द्रीत भएको देखिन्छ। जिल्लागत हिसावमा ७७ जिल्लामा (पहिलेको ७५जिल्ला) छरिएका छन। यस भाषाको भौगोलिक सामाजिक भाषाभेद देखिएका छन्। नेपालबाहेक भारतका पूर्वी नौवटा राज्यहरू सिक्कीम, दार्जिलिङ, सिलगुडी, आसाम, गुहाटी, नैनीताल, गढवाल, अरूणाचल, मणिपुर तथा भुटान, बर्मामा सघनरूपमा बसेका छन्। हालको भूमण्डलीकरणले अष्ट्रेलिया, यूरोप तथा उत्तरी अमेरीका पनि सघन रूपमा पाइएको छ।

भूगोलको हिसावमा *यें-यल* (काठमाडौ-पाटन), *खोप* (भक्तपुर), *दोलखाए* (दोलखा) भाषा देखिएका छन्। यसका पनि ससाना उपभेद पनि देखिन थालेका छन्। सामाजिकरूपमा पहरी, गमाल, बलामी, र गोपाली देखिएका छन्।

पहरी तत्कालीन आठ अञ्चल, ४०जिल्ला र ११०गाविसमा फैलिएको छ (CBS, CBS 2003)। हाल आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानले आफ्नो सूचीमा नेवार जातिलाई नम्बर २७ र पहरीलाई नम्वर २८मा अलग अलग समावेस गरेको छ (NFDIN 2003, 54)।

©omkareshworshrestha

सन्२०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको जनसंख्या २६,४९४,५०४ रहेको छ। जस्मा १२५ जातजाति तथा १२३ भाषी जनता छन् । नेवार जाति देशको छैठौं ठुलो जाति (१,३२१,९९३ (५.४८%)) हो । त्यस्तै वक्ताको हिसावले पनि नेपालको छैठौ ठुलो भाषा नेपालभाषा (८४६,५५७ (३.२०%)) हो।

२.२ बागमतीप्रदेशमा

बागमती प्रदेशमा १३ वटा जिल्ला रहेका छन्। ती हुन् - काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, रसुवा, दोलखा, रामेछाप, मकवानपुर, चितवन, पर्सा । यस प्रदेशको जनसंख्या ५,५१३,०८९ छन्। यसमध्ये नेवारको उपस्थिति ९३५, ३१२ देखिएको छ। यो संख्या यस प्रदेशमा रहेको कुल जनसंख्याको १६.९१ प्रतिशत हुनआउँछ। यस प्रदेशमा रहेका जातजातिको ७०.७५ प्रतिशत हुन आउँछ।

	जिल्ला	जनसंख्या	नेवारजाति	वक्ता	%	विचलन	%
१	काठमाडौं	१,७४४,२४०		२९५,४३९			
२	भक्तपुर	३०४,६५१		१२६,५९२			
३	ललितपुर	४६८,१३२		१३८,९३८			
४	काभ्रेपलाञ्चोक	३८१,९३७		४२,५४२			
५	सिन्धुपाल्चोक	२८७,७९८		१७,०१७			
६	धादिङ	३३६,०६७		३,१०४			
७	नुवाकोट	२७७,४७१		५,५१९			
८	रसुवा	४३,३००		३१९			
९	दोलखा	१८६,५५७		३,६५०			
१०	रामेछाप	२०२,६४६		१३,८८९			
११	मकवानपुर	४२०,४७७		१६,८८३			
१२	चितवन	५७९,९८४		९,१७४			
१३	सिन्धुली	२७९,८२९		६,९६१			
	जम्मा	५,५१३,०८९	१६.९१	६८०,०२७	८०.३२		

२.३ काभ्रेपलाञ्चोकजिल्ला

काभ्रेजिल्लामा १३वटा नगरपालिका र पालिकाहरू छन्। यसमध्ये छवटा नगरपालिका र सातवटा पालिका हुन्। (१) धुलिखेल, (२) बनेपा, (३) पनौति, (४) पाँचखाल, (५) नमोबुध्द, र

DRAFT

©omkareshworshrestha

(६) मन्देनदेउपुर नगरपालिका हुन् । (१) खानीखोला, (२) चौरी देउराली, (३) तेमाल, (४) बेथानचोक, (५) महाभारत, (६) भुमलु ,र (७) रोशी पालिका हुन् । यीमध्ये धुलिखेल, बनेपा, पनौति र नमोबुध्द नेवारहरूको बाहुल्यता भएका क्षेत्र हुन् ।

२.४ धुलिखेलनगरपालिकामा

धुलिखेल नगरपालिकाका १२ वटा वडाहरूमध्ये

DRAFT

©omkareshworshrestha

DRAFT

©omkareshworshrestha

भाग ३ लिपिको प्रयोग

३.१ लिपि परिचय

नेपालभाषाको दैनन्दिनी काम गर्न हाल देवनागरी लिपिमा लेख्ने गरिएको छ। यो प्रचलन नेपालभाषा साहित्यका पुनरजागरण कालका चार हस्तीमध्ये गद्यगुरू पदवीबाट संबोधित पं निष्ठानन्द बज्राचार्यले चलाउनु भयो । *अष्टसहस्रिका प्रज्ञापारमिता*को २१वटा श्लोकलाई अनुवाद गरी *प्रज्ञापारमिता देवीया एकविंशति श्लोकया भाषासहीत* देवनागरी लिपिमा नेसं १०२९ (ईसं१९०९)मा प्रेसबाट निकाल्नु भयो। यो पुस्तक नेपालभाषामा पहिलो मुद्रित पुस्तक हुनपुग्यो, र देवनागरीलिपिको विधिवत प्रारम्भ पनि यहीबाट भएको मान्नु पर्छ (क. मल्ल नेसं १०९९, १)।

नेपालभाषामा लेखिएका उपलब्ध अभिलेखमा करीव ९०प्रतिशत प्रचलित नेपाललिपिमा लेखिएको पाइन्छ। केही केही भुजिंमोल तथा रञ्जनामा पनि पाइन्छ। रञ्जना विक्रमको १२औं (नेसं२२० अर्थात *सम्वत् आलृ ६ कार्तिकशुक्लपंचम्यां*) शदीमा रञ्जना अक्षर प्रयोग गरी *उष्णीषविजय धारिणी* ग्रन्थ लेखिएको देखिन्छ (श. राजवंशी २०५९, २८)। यो अभिलेख राष्ट्रिय पुस्तकालय नं १६६मा सुरक्षित छ। रञ्जनाको पूर्वरूप सिध्दमलिपिबाट ईसं३०८ (विसं ३६५)मा चीनमा *ललितविस्तर* (भगवान बुध्दको जीवनी)को अनुवाद भैसकेको देखिन्छ (श. राजवंशी २०५९, १) (Chaudhary 1986, 13)। उक्त अनुवादमा सिध्दमलिपिको नाम स्पष्ट नलेखिएपनि ६४ प्रकारका अक्षरको नाम दिइएको छ[11]। पाँचौ सदीको पहिलो चौथाइमा सिध्दमलिपिको एक अध्याय नै राखेर किताब छापियो। महापरिनिर्वाण सुत्रको अनुवादमा ४२ अक्षर समावेश गरिएको छ।

11 शंकरमान राजवंशी (श. राजवंशी २०५९, २)ले भारतीय प्राचीनमलिपिमाला पृष्ठ१७लाई उध्दृत गरी ६४लिपिको नाम यसरी दिएका छन्- (१) *ब्राह्मी*, (२) *खरोष्ठी*, (३) *पुस्करसारी*, (४) *अंग*, (५) *वंग*, (६) *मगध*, (७) *मांगल्य*, (८) *मनूष्य*, (९) *अंगूलीय*, (१०) *शकारि*, (११) *ब्रह्मवल्ली*, (१२) *द्राविड*, (१३) *कनारि*, (१४) *दक्षीण*, (१५) *उग्र*, (१६) *संख्या*, (१७) *अनुलोम*, (१८)

©omkareshworshrestha

अनन्त चौधरीका अनुसार ब्राह्मीलिपिको आनुवांशिकता यसरी गएको छ - ब्राह्मी > उत्तरीशैली > गुप्तलिपि > कुटिललिपि > नागरी > बांगला > नेवाः (चौधरी १९७३, ५)।

कलिन मसिकाले यसरी प्रस्तुत गरेः ब्राह्मी (६शदी) > उत्तरीगुप्ता (४-५शदी) > कुटिला / सिध्दमात्रिका (८-१०शदी) > उत्तरकुटिला / पूर्वबंगाली (४-५शदी) > नेवाः (Masica 1991, 133-153)।

काशीनाथ तमोटले यसलाई नेपाली संस्करण बनाएर यसरी प्रस्तुत गरेः ब्राह्मी > पुर्व लिच्छवी > उत्तर लिच्छवी > नेपाललिपि र त्यसपछि नेपाललिपिका तीन शैली अर्थात फोन्ट (क) प्रचलित (ख) रञ्जना (ग) भुजिंमोल (तमोट २०४८, ५-१२)। विसं २०१७ सालमा नेपाल सरकार, पुरातत्व विभागले गुप्तालिपिलाई पुर्वलिच्छवी र कुटिला लिपिलाई उत्तरलिच्छवी नाम राख्ने निर्णय गरेर नेपालीकरण गरे (श. राजवंशी २०५९, ३)।

नेपालीहरू प्रेसबाट छापिएको अक्षर पाएपछि आफ्ना अक्षरहरूप्रति उदासिन भए। पन्नाप्रसाद वैद्यको *नेपालदेशया अक्षरबोध* नेसं १०७० (ईसं १९५०) र नेसं १०७३ (ईसं १९५३) मा पं हेमराज शाक्यको *नेपाललिपि संग्रह* प्रकाशन भएपछि नेपालीहरूमा आफ्ना अक्षरप्रति पुनःजागरण आएको मानिन्छ (क. मल्ल २००२, ii-iii)।

४. भाषा र प्रयोग गरिने लिपिको वर्णविन्यासमा तालमेल।

ऊर्ध्वधनु, (१९) दरद, (२०) खास्य, (२१) चिन, (२२) हूण, (२३) मध्याक्षविस्तर, (२४) पुष्य, (२५) देव, (२६) नाग, (२७) यक्ष, (२८) गन्धर्व, (२९) किन्नर, (३०) महोरग, (३१) असुर, (३२) गरूड, (३३) मृगचक्र, (३४) चक्र, (३५) वायुमरु, (३६) भौमदेव, (३७) अंतरिक्षदेव, (३८) उत्तरकुरूध्दीप, (३९) अपरगौडादि, (४०) पूर्वविदेह, (४१) उत्क्षेप, (४२) निक्षेप, (४३) विक्षेप, (४४) प्रक्षेप, (४५) सागर, (४६) बज्र, (४७) लेखप्रतिलेख, (४८) अनुद्रुत, (४९) शास्त्रवर्त, (५०) गणावर्त, (५१) उत्क्षेपावर्त, (५२) विक्षेपावर्त, (५३) पादलिखित, (५४) द्विरुत्तरपदसंधिलिखित, (५५) दशोत्तरपतसंधिलिखित, (५६) अध्याहारिणी, (५७) सर्वरुतसारसंग्रहणी, (५८) सर्वसारसंग्रहणी, (५९) विद्यानुलोम, (६०) विमिश्रित, (६१) ऋषितपस्तप्त, (६२) धरणीप्रक्षेपणा, (६३) सर्वौषधनिष्यन्द, (६४) सर्वभूतरुद्ग्रहणीलिपि।

©omkareshworshrestha

देवनागरी लिपि संस्कृत तथा संस्कृतबाट निसृत भाषाको लागि प्रचलनमा रहेको लिपि भोटबर्मेली शाखाको भाषामा प्रयोग गर्दा केही असहज देखिन्छ नै । खासगरी महाप्राण वर्णमा यो समस्या देखिन्छ । यस्को लागि दुईवटा वर्ण मिलाइ लेख्ने गरिएको छ, जस्ले गर्दा नेपालभाषामा सृजना गरिएका काव्यमा यस्को असर देखिएको छ । त्यस्तै समस्या दीर्घ वर्णहरूमा पनि छ । त्यस्मा विसर्गले काम चलाइएको पाइन्छ, जस्ले गर्दा पाठकहरूलाई पठनमा मानसिक समस्या परेको देखिन्छ। अन्ताराष्ट्रिय ध्वनि वर्णमालामा(IPA) एकल वर्ण भएकोलाई पनि देवनागरीमा लेख्दा द्विस्वर लेख्ने गरिएको छ । यसरी केही केही भाषाविद्ले नेपालभाषाको स्वर निर्धारणमा आवश्यक भन्दा बढी स्वर निर्धारण गरिएको पाइन्छ । यस मामिलामा खास गरी पश्चिमा विद्यापीठबाट प्रशिक्षित भाषाविज्ञहरू [æ (आए), ɛ (अए)लाई एकस्वर मान्नु पर्ने तर्क राख्छन् (हेर्नु ; कंसाकार;1979,1983, मल्ल;1984, स्थापित;1978) । यस्ले गर्दा आजको नेपालभाषामा देवनागरीमा लेख्नेहरुले तालव्य द्वयोष्ठ्य अर्धस्वर (y *य*) लाई स्वरको ठाउँमा प्रयोग गरिरहेका छन् । त्यसले गर्दा नेपालभाषामा ya *य, ye ये,y य्* र*e ए* को प्रयोगमा तिव्र विवाद बढेको छ । त्यसका लागि यसपत्रका लेखकले स्वर वर्ण (e *ए*) नै प्रयोग गर्नुपर्ने मा जोड दिएका छन् (ओ. श्रेष्ठ २०१८) ।

नेपाललिपिको नेपालमा विकास प्रयोगको विषयमा केही कुरा राख्नु यहाँ सान्दर्भिक हुन्छ । यस लिपिमा लेखिएको सबैभन्दा पुरानो लिखित प्रमाण *लंकावतार* (नेसं २८ / विसं १०६५) लाई लिन सकिन्छ । नेपाललिपि भन्नाले यस्का शैलीगत विविधता (प्रचलित, भुजिंमोल, र रञ्जना) समेतलाई बुझ्नु पर्छ । नेपाललिपि प्रयोग गरी भएका लेखनकार्यलाई पत्रपत्रिका, पुस्तक, वर्णमाला र विविध गरी चार भागमा छुट्याएर हेर्न सकिन्छ ।

नेपालमा प्रेसको विकास भएपछि विभिन्न पत्रिका निस्कन थाले । नेसं १०१९ (विसं १९५५) श्रावणमा नेपालीभाषामा *सुधासागर* मासिका पत्रिका निस्कियो । नेसं १०२२ (विसं १९५८)मा ज्येष्ठ ३ सोमवारदेखि सरकारी मुखपत्र *गोरखापत्र*, नेसं१ ०२४ (विसं १९६०) मा सस*सुक्तिसुधा*, नेसं १०२८ (विसं १९६४) मा *माधवी*, नेसं १०५४ (विसं १९९१) मा सुब्बा

©omkareshworshrestha

ऋध्दिबहादुर मल्लको सम्पादनमा *शारदा*, नेसं १०५८ (विसं १९९५) मा सुर्यभक्त जोशीको सम्पादनमा *उद्योग* पाक्षिक प्रकाशन भयो। नेसं १०५८ (विसं १९९५) मा *बुध्दधर्म व नेपालभाषा* पत्रिका धर्मादित्य धर्माचार्यको सम्पादनमा नेपालभाषामा प्रकाशन भयो। यो पत्रिका भारतबाट प्रकाशन भएको थियो। भारतको सारनाथ महाबोधिसभाबाट निस्कने धर्मरत्न शाक्यको सम्पादनमा *धर्मदूत* पत्रिकामा नेसं १०५५ (विसं १९९२) वर्ष ६ अंक ५९ देखि नै नेपालभाषाको लेख पनि छापिन थालिसकेको थियो। त्यसै गरी १०६७ (विसं २००४) मा भिक्षु अनिरूद्र र महानाम कोविदको सम्पादनमा धर्मोदय, १०७१ (विसं २००८) मा पूर्णकाजी ताम्रकारको संपादनमा *थौंकन्हे* मासिक नेसं१०७२ (विसं २००९) मा नेपालभाषा परिषदको तत्वावधानमा हृदयचन्द्रसिंह प्रधानको संपादनमा *पासा* पाक्षिक, नेसं १०७५ (विसं २०१२) देखि *नेपालभाषा*, नेसं १०७८ (विसं २०१५) देखि मोहननारायणको संपादनमा नेपालभाषा विकास मण्डलको आयोजनामा *झी* मासिक, नेसं १०८४ (विसं २०२१) देखि प्रेमबहादुर कंसाकारको संपादनमा *सितु* द्वैमासिक प्रकाशन हुन थाल्यो। यी उपर्युक्त पत्रिका सवै देवनागरी लिपिमा निस्केका थिए।

समयको अन्तरालमा नेपालभाषीहरूमा नेपाललिपिको राष्ट्रिय महत्वप्रतिको सचेतनाले ठाउ लियो। प्रेसबाट देवनागरीलिपिबाट पत्रपत्रिका निस्कदै थियो। त्यस्तो समयमा यूवा पुस्ताले हातैले लेखेर नेपाललिपिमा पत्रिका निकाल्न थाले। यो साहसपूर्ण कार्यलाई तारिफ गर्नै पर्छ। नेपाललिपिको महत्तालाई प्रकाश पार्दै *बुध्दधर्म व नेपालभाषा* पत्रिकामा लेख छापियो र नेपाललिपिमा केही हरफ पनि छापियो।

नेपालिपिबाट निस्केको पहिलो पत्रिका *न्हूजः* (नेसं १०८३ / विसं२०२०) हो। तत्पश्चात *नेपाललिपिपौ* (नेसं १०९७ / विसं२०३३), *त्वाःदेवाः* (नेसं ११०० / विसं२०३७), पौभाः (नेसं ११०० / विसं२०३७), *भोंमि* (नेसं ११०२ / विसं२०३९), *मिजला* (नेसं ११०२ / विसं२०३९), *पताः* (नेसं ११०३ / विसं २०४०), *मत* (नेसं ११०४ / विसं२०४१), *धिमे* (नेसं ११०८ / विसं२०४४), *कुतः* (नेसं ११०९ / विसं२०४६), *ओंकुलि* (नेसं १११८ / विसं२०५४), *थपू लय्‌पौ* (नेसं १११२ / विसं २०४९), *नेपाललिपि* (नेसं ११२१ / विसं२०५८), *नकिंझ्याः* (नेसं ११२२ /

©omkareshworshrestha

विसं२०५९), *सिक्किम हेराल्ड* (नेसं ११२३ / विसं२०६०), *थेमृङ* (नेसं ११२३ / विसं२०६०), *थपू दँपौ* (नेसं ११२९ / विसं२०६६), *लिपिपौ* (नेसं ११२७ / विसं२०६४) टेब्लोइड, *लुँआखः* (रञ्जना टेबलोइड) (नेसं ११३० / विसं२०६७), निस्केको देखिन्छ (र. श्रेष्ठ ११३२, १८-४२)।

नेपाललिपि प्रयोग गरी प्रकाशित भएका पुस्तकहरूमा *प्रसिध्द वज्राचार्यपिनिगु संक्षिप्त विवरण* (नेसं ११०९ / विस २०४६), *थ्वयाच्वंगु सः* (नेसं १११० / विसं २०४७), *किपू देय्‌या परिवेशय्* (नेसं १११४ / विसं २०५१), *वंगलहः* (नेसं १११६ / विसं २०५२), *मिगुलि* (नेसं १११७ / विसं २०५३), *ई द्यूगु थे च्वं* (नेसं ११२१ / विसं २०५८), *मे हाले न्ह्याः जि* (नेसं ११२१ / विसं २०५८), *अभिमन्यूया विलाप* (नेसं ११२२ / विसं २०५९), *नेपाःयात कामाकुरा बुध्दया च्वखँ* (नेसं ११२४ / विसं २०६१), *तर्कवितर्क* (?), *भिन्तुनापुचः छगू म्हसिका* (नेसं ११२५ / विसं २०६२), *कुतःलिपि-पौ मुना* (नेसं ११२६ / विसं २०६३), *प्रचलित नेपाललिपि व जि* (नेसं ११२६ / विसं २०६३), *न्ह्यलय् ला ज्वलय् ला* (नेसं ११२६ / विसं २०६३) (र. श्रेष्ठ ११३२, ४३-५४) हुन्।

नेपाललिपि सिक्ने सिकाउने उद्देश्य राखी वर्णमाला विभिन्न सालमा प्रकाशित भएका छन्। ती हुन्-*लिपिविकास तालिका*(मिति छैन), *श्री नेपाल अक्षरबोध* (नेसं १०७० / विसं २००७), *नेपाललिपि संग्रह* (नेसं १०७३ / विसं २०१०), *प्राचीन लिपि विकाश* (नेसं १०८० / विसं २०१७), *प्राचीन लिपि वर्णमाला* (नेसं १०८० / विसं २०१७), *वर्ण परिचय* (नेसं १०८० / विसं २०१७), *नेपाललिपि प्रकाशन* (नेसं १०९३ / विसं २०३०), *नेपाल लिपि वकास* (नेसं १०९४ / विसं २०३१), *संक्षिप्त नेपाललिप परिचय* (नेसं १११० / विसं २०४७), *नेपालिपि वर्णमाला* (नेसं १११२ / विसं २०४९), *नेपालभाषा* (नेसं १११२ / विसं २०४९), *प्रचलित नेपाललिपिया वर्णमाला* (नेसं १११२ / विसं २०४९), *रञ्जना लिपि वर्णमाला* (नेसं १११५ / विसं २०५२), *नेवाःवर्णलिपि र भाषा परिचय* (नेसं १११६ / विसं २०५३), *प्रचलित नेपाललिपि वर्णमाला* (नेसं ११२० / विसं २०५७), *हेमराजया हस्तलिपि कला* (नेसं ११२१ / विसं २०५८), *ईलोंह वर्णमाला* (नेसं ११२२ / विसं २०५९), *नेपाललिपि वर्णमाला* (नेसं ११२३ / विसं २०६०), *रञ्जनालिपिया वर्णमाला* (नेसं ११२६ / ईसं २००६) (र. श्रेष्ठ ११३२, ५५-६८)।

©omkareshworshrestha

DRAFT

यसै गरी नेवारहरूले विभिन्न देवकार्य, पितृकार्य, उत्सव, संस्कार, मेला, पर्व, मुद्रा, अभिलेख, स्टिकरमा नेपाललिपिका विभिन्न शैली विशेषतः रञ्जना, प्रचलित, भुँजिमोल प्रयोग गर्दै आएका छन् । हाल यस्को अभियानको रूपमा युवाहरूले विसं २०७४ देखि *क्यालीजात्रा* (अक्षरशिल्प) चलाइरहेका छन् । रञ्जना अक्षरको मात्र करीव २५स्थानमा यो जात्रा गरिसकेका छन् ।

नेपाल लिपिको संरक्षण संबध्दर्नकानिम्ति नेसं ११०० (विसं २०३७)मा *नेपाल लिपि गुथि* नामक संस्था खडा भयो । ललितपुरमा पनि उत्साही यूवाहरूले नेसं ११११७ (विसं २०४४) मा *लिपि थपु गुथि* खोले । अभिलेख सुरक्षित राखी संबर्धन गर्न नेपालभाषा सेवी श्री प्रमबहादुर कंसाकारले आफ्नो बुबा श्री आशामानसिं कसाको स्मृतिमा *आशा सफू कुथि* नामक अभिलेखालय नै नेसं ११०८ थिलागा २ (विसं २०४४मंसीर २१, इस१९८७डिसेम्बर७) सोमबार जापानको टोयोटा फाउण्डेशनको सहयोगमा खडा गरे । यस अभिलेखालयमा रञ्जना भुजिमोल, प्रचलित गरी ९हजार जति अभिलेख रहेको अनुमान छ । त्यसमध्ये ७०२५को डिजिटल स्कानीङ भैसकेकोक छ । त्यसबाहेक १२०० पामलिफ डिजिटाइज्ड भैसकेको छ । नयाँ थप २००० अभिलेख विभिन्न स्रोतबाट प्राप्त भएको कुरा पुस्तकालयध्यक्ष शरदविर कसाले बताउनु भएको छ[12] ।

काठमाडौ जिल्ला प्रशासन कार्यालयमा १७४।२०६३।६४मा दर्ता गरी विसं २०६४सालदेखि *लिपिपौ* नामक पत्रिका रत्नवीर शाक्यको सम्पादनमा नरेशवीर शाक्यले प्रकाशित गरे । सोही रत्नवीर शाक्य र दर्शनवीर शाक्यको सम्पादनमा काठमाडौं जिल्ला प्रशासन कार्यालयमा १२६।२०६७।६८मा दर्ता गरी विसं २०६८सालदेखि रञ्जना लिपिको मासिक पत्रका *लुँआखः* इहीलोंह प्रकाशन प्रालीको व्यवस्थापनमा निरन्तर प्रकाशित भैरहेको छ । पद्मरत्न तुलाधरको *हसिना* उपन्यास मरनोपरान्त विसं२०७५ सालमा रञ्जना लिपिमा प्रदीपमान ताम्रकारले प्रकाशनमा ल्याए । यो लिपिप्रतिको अनुराग तथा सम्मान हो ।

12 आशा सफू कुथिका पुस्तकालयाध्यक्ष श्री शरदवीरसिं कंसाकारसित २०७६।१।११मा भएको वार्ता।

©omkareshworshrestha

DRAFT

ललितपुरका रविसन शाक्यले एक्लो प्रयासमा नेसं ११२२ (ईसं २००२) मा *नेपाललिपि वर्णमाला* प्रकाशनमा ल्याए। यस पुस्तकमा ब्राह्मी, प्रचलित, रञ्जना भुँजिमोल गरी चारवटा लिपि एउटै वर्णमाला समेटिएको छ। उहाँकै व्यवस्थापनमा रास जोशी र सुलिन्द्र शाक्यको सम्पादनमा *नकिंझ्याः* नामक नेपाललिपिको मासिक पत्रिका एक वर्ष (अंक १-१२) सम्म निस्क्यो। दोस्रोवर्षदेखि चौथोवर्ष (अंक १३-२२) सम्म राजेन्द्र शाक्य र किरण शाक्यको सम्पादनमा न्हू हिसु पुचःले सो पत्रिका चलाए।

पछिल्ला वर्षहरूमा कम्पुटरको व्यापक प्रयोग हुनथाल्यो। सोको लागि उपयूक्त हुने अक्षरहरू (True type Fonts) निर्माण हुन थाल्यो। यस्मा सबैभन्दा पहिले मीनबहादुर शाक्यले नेपाललिपि कम्पुटरमा प्रयोग गरेर देखाए।

त्यसपछि रविसन शाक्यले छवटा लिपिको True type Fonts विकास गरे। तिनको विस्तृत विवरण यस्तो छ।

लिपि	*फोन्टको नाम*	*प्रकाशनमिति*	*ISBN No*
प्रचलित	रविशन	२००१ जुलाइ १०	९९९३३-५५९-२-५
रञ्जना	विश्वसन	२००१ अगष्ट १०	९९९३३-५५९-३-३
भुजिंमोल	पर्लसन	२००२ फेब्रुरी ०२	९९९३३-५५९-५-X
ब्राह्मी	रविसन	२००१ फेब्रुरी १०	९९९३३-५५९-४-१

©omkareshworshrestha

DRAFT

यसबाहेक देवनागरी यूनिकोडको लागि पनि काम भएको छ[13]। उहाँले यूनिकोडमै लिच्छवी लिपि पनि निर्माण गरिसक्नु भएको छ। यी दुईवटा लिपिको विमोचन हुन पाएको छैन। तिनीहरूको विवरण यस्तो छ-

पुर्वलिच्छवी	रविशन	२००२ मइ १५	९९९३३३-३४-८१-२
उत्तरलिच्छवी	रविशन	२००२ जुन १५	९९९३३३-३४-८२-०

सन् २०००मा नेपाललिपि गुथिको लागि रविन्द्र पाछैले कम्पुटरमा *नेपाललिपि* र *प्रचलित पाछै*को नामबाट टिटिएफ प्रचलित लिपि बनाए। अहिले यूनिकोडमा *आखः*को नामबाट नेपाललिपि गुथिको यूनिकोड प्रचलनमा आएको छ। गुगलले नोटोसान फोन्ट बनाएको छ। यो एनड्रोइड ९ बजारमा आएको छ। यो माइक्रोशफ्ट विण्डोको १० भर्सनमा मात्र चल्छ। पवन चित्रकारले यस्को कन्भर्टर बनाएका छन्। यस्ले गर्दा पुरानै भर्सन भएपनि इमेल, वेबसाइट पढ्न सकिन्छ। रञ्जना लिपि एप्समा डाउनलोड गरी लेख्न पढ्न सकिने भएको छ। यो टोलीमा एप डेभलपर पवन राजभण्डारी, कन्सेप्ट र डिजाइनर आनन्दकुमार महर्जन, नेपाललिपि फोन्ट रविन्द्र पाछै, रञ्जना लिपिको फोन्ट सनिर कर्माचार्य, त्यसैगरी देवनागरी हाएण्डराइटिङ फोन्ट आन्दकुमार महर्जनले बनाएका छन्। सुयोग्य ताम्रकारले आइओएसमा दर्ता गराएका छन्।

यस बाहेक आन्दकुमार महर्जनले नेपाल लिपिको स्टिकर्स बजारमा ल्याएका छन्। ती हुन्- *तसकंबांलाः, म्वालका, म्हाइपुसेच्वन, छित यक्क यक्व सुभाय्, जितःयःम्ह मैंचा, गज्याम्ह छुच्चा, बुन्हिया भिन्तुना, लय्ताल, ज्वजलपा, सुभाय्, भिंतुना, न्ह्यःवल, भिंसुथ, नुगलय् स्यात, छु याना च्वना दिया?,माफ यानादिसँ, जिगु नुगः, भिं जुइमा, लसकुस, तारेमाम, पियाच्वना, बांलाः, याकनं लनेमा*।

13 यल माया केन्द्रको अनुरोधमा देवनागरीको यूनिकोड फोन्ट *थ्याकारविशन* नामबाट निर्माण गरी केन्द्रलाई बुझाइएको थियो। त्यसपछिको जानकारी रविशन शाक्यसित छैन।

©omkareshworshrestha

रञ्जनालिपिमा *न्हूदँया भिंतुना, तसकं बांलाः, आइ लभ नेपाल, भिंतुना, स्वन्ति नखःया भिंतुना, लसकुस, बुदिंया भिंतुना, सुभाय्, मतिना, भिं इहिपा, ब्वनापौ, नेवाः, मोहनिनखःया भिंतुना* आदि स्टिकर्श पनि बजारमा आएका छन् ।

यस्मा कुटाक्षर पनि आएको छ। कुटाक्षर भन्नाले एक शब्दको एउटै अक्षरमा गासिएको कुट (रहस्यमय) अक्षर हो, जो झट्ट पढन सकिंदैन। यो कुटाक्षरमा *न्हूदँया भिंतुना, नमस्ते, म्हपुजा* आएका छन् ।

त्यस्तै नेपालसंवत्का प्रवर्तकका रूपमा परिचित शंखधरको नामबाट The legend of Shankhadhar संयूक्त श्रेष्ठले निकाल्नु भएको छ।

भाषा प्रेम दर्शाउन देवनागरीबाट पनि विज्ञान प्रजापतिले *बाबुचा, मैचा*, आनन्दकुमार महर्जनले *यःम्ह मैचा*, अस्लेषा महर्जनले *भाजु, मएजु*, बुगेश महर्जनले *मैचा, बाबुचा*, अबको क्रियशनले इन्टु *मिन्टु* बजारमा ल्याएका छन् ।

नेपाललिपि र यस्का भगिनी लिपिहरू प्रचलित, भजिमोल, रञ्जनाको स्वर तथा व्यञ्जन निर्धारण तथा लेखनका विषयमा पनि गोष्ठी हुँदै गए। नेसं १११२मा प्रचलित लिपिको विषयमा, नेसं १११५मा भुजिमोल लिपिको वर्णमाला विषयमा गोष्ठी भयो। नेसं ११२८मा नेपाललिपि सहज पार्न नेपालभाषाको स्वर माननकीकरणको लागि गोष्ठी गरे। जस अनुसार नेपाललिपि गुथिले निकालेको दुइटै वर्णमालामा पाँचवटा स्वर (इ, उ, ए, अ, आ) लाई मूलस्वर मानेका छन् र लेखन कार्यकालागि मात्र एउटा स्वरवर्ण (ओ) सापटी लिई छवटा मानिएको छ, हेर्नुः (न. गुथि ११३७) (न. ल. गुथि ११३९)। यी छवटा स्वरमा तीनवटा खण्डेत्तर वर्ण (अँ अँ: अः) ले गुणा गर्दा १८वटा हुने भए। छ मानस्वर, १८ खण्डेत्तर वर्ण गर्दा २४ वटा स्वर वर्ण हुने भए। व्यञ्जन ३१ जोड्दा जम्मा ५५वटा वर्ण भए।

नेपालभाषामा भएका पाँचवटा महाप्राण व्यञ्जनहरू (ह्, ल्ह, न्ह, म्ह, ङ्ह) ब्राह्मी तथा त्यसबाट उब्जेका कुनैपनि लिपिबाट प्रतिनिधित्व हुन सक्दैन। नेपालभाषा भारतमुखि भोटबर्मेली

©omkareshworshrestha

उपशाखा भएकोले यो समस्या छदैँछ। यसमा संझौता गर्नु बाहेक अहिलेलाई उपाय देखिदैन। अहिले २०१६ मे १३मा भएको यूनिकोड कन्सोर्टियमले यूनिकोडको कोड पेज बनाएको छ। २०१६ जून २१ मा यूनिकोड कन्सोर्टियमको प्रकाशनमा नेपालभाषाको *नेवाः लिपि युनिकोड* ९.०मा दर्ता भएको कुरा सार्वजनिक भयो।

३.१ लिपिको प्रकार

शंकरमान राजवंशी २०५९ राजवंशी .श), २(ले भारतीय प्राचीनमलिपिमाला पृष्ठ१७लाई उध्दृत गरी ६४लिपि- (१) *ब्राह्मी* (२) ,*खरोष्ठी* (३) ,*पुस्करसारी* (४) ,*अंग* (५) ,*वंग* (६) ,*मगध*(७) , *मांगल्य* , (८)*मनूष्य* (९) ,*अंगूलीय* (१०) ,*शकारि* (११) ,*ब्रह्मवल्ली* (१२) ,*द्राविड*(१३) , *कनारि* (१४) , *दक्षीण* (१५) ,*उग्र*(१६) , *संख्या* (१७) ,*अनुलोम* (१८) ,*ऊर्ध्वधनु* (१९) ,*दरद*(२०) , *खास्य*(२१) , *चिन* (२२) ,*हूण*(२३) , *मध्याक्षविस्तर* (२४) ,*पुष्य* (२५) ,*देव*(२६) , *नाग* (२७) ,*यक्ष*(२८) , *गन्धर्व* , (२९)*किन्नर*(३०) , *महोरग*(३१) , *असुर*(३२) , *गरूड*(३३) , *मृगचक्र* (३४) ,*चक्र* (३५) ,*वायुमरु* , (३६) *भौमदेव*(३७) , *अंतरिक्षदेव* (३८) ,*उत्तरकुरूध्दीप* (३९) ,*अपरगौडादि* (४०) ,*पूर्वविदेह*(४१) , *उत्क्षेप* (४२) ,*निक्षेप*(४३) , *विक्षेप* (४४) ,*प्रक्षेप* (४५) ,*सागर* (४६) ,*बज्र* (४७) ,*लेखप्रतिलेख* , (४८) *अनुद्रुत* (४९) ,*शास्त्रवर्त*(५०) , *गणावर्त* (५१) ,*उत्क्षेपावर्त* (५२) ,*विक्षेपावर्त* (५३) , *पादलिखित* (५४) ,*द्विरुत्तरपदसंधिलिखित* (५५) ,*दशोत्तरपतसंधिलिखित* (५६) ,*अध्याहारिणी* , (५७)*सर्वरुतसारसंग्रहणी* (५८) ,*सर्वसारसंग्रहणी* (५९) ,*विद्यानुलोम* (६०) ,*विमिश्रित* (६१) , *ऋषितपस्तप्त* (६२) ,*धरणीप्रक्षेपणा* (६३) ,*सर्वौषधनिष्यन्द*(६४) , *सर्वभूतरुद्ग्रहणीलिपि* को नाम दिएका छन्।

३.१ लिपिको छनौट

उपरोक्त लिपिहरू भएपनि नेपालका नेवारहरूले देवनागरीको प्रयोग नेसं २०२९मै गरीसकेको देखिन्छ। देवनागरी लिपि प्रयोग गरी प्रेसबाट निकालिएको पहिलो पुस्तक *एकविंशति प्रज्ञापारमिता* हो (ओ.।. श्रेष्ठ २०१८, १)। तत्पश्चात नेवारहरूले देवनागरीको प्रयोग जीवनका विभीन्न क्षेत्रमा विस्तारै

©omkareshworshrestha
DRAFT

प्रयोग गरिएको पाइयो। अचेल शिक्षा, संचार, व्यापार लगायतका क्षेत्रमा देवनागरी प्रयोग भैसकेकोले शैक्षिक क्रियाकलाप गर्नु सुविधाजनक देखिएकोले यहाँ देवनागरी प्रयोग गरिएको छ।

DRAFT

©omkareshworshrestha

भाग ४ नेपालभाषाको स्तर मापन

४.१ नेपालभाषाको पुस्तान्तरणको स्थिति

९.४ भाषिक अधिकारको आन्दोलन

१९९६ साल पर्व नेपालभाषीहरूले कहिले नबिर्सने दुखद घटना हो । यस्को विषद चर्चा गर्न सकिन्छ ।केही चर्चा माथि भैसकेको छ। यहाँ संक्षिप्त रूपमा त्यसको खाका प्रस्तुत छ ।

पुनर्जागरणकालको अन्ततिर वैकुण्ठप्रसाद लाकौल (नेसं १०२६ - ११२७ / विसं १९५३ - २०५३) ले उहाँका दरवार स्कूलमा पढने केही साथीहरूमिलेर आआफनो कविता सुनाउने सुन्ने हिसावले 2 लेखिएको कविता संग्रह *थुलिंचा* (नेसं १०७४ / विसं २०१०) प्रकाशन गर्नुभयो । यसै समयमा फत्तेबहादुर सिंहले *नेपाली विहार* (नेसं१०५९ / विसं१९९५) कविता संग्रह निस्कियो । यसमा सिध्दिचरण श्रेष्ठको 'वर्षा' कविता परको थियो । त्यस्को कारणले फत्तेबहादुर सिंह सर्वस्वहरण सहित जेल पर्नु भयो ।

१९९७ साल पर्व मूलतः राजनैतिक पर्व हो । तर यस पर्वमा नेपालभाषाका लेखकहरू र केही यूवाहरू पनि समातिएर जेलमा परे । शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा, र गंगालाल श्रेष्ठ बाहेक ३२ जना यूवालाई भद्रगोल जेलमा राखियो । त्यसमा नेवारहरूले धैरै साहित्य लेखे । यसरी जेलमा अपूर्व साहित्य सिर्जना भएको हुँदा कारागार नभैकन साधनागार भन्ने चलन पनि छ ।

देशमा प्रजातन्त्र आयो । राजनैतिक रूपमा केही खुकुलो भएपनि भाषिक रूपमा तात्विक अन्तर देखिएन । देशमा शिक्षाको माध्यम नेपाली र अंग्रेजीमा थियो । विसं २०११मा माध्यमिक तहमा फुर्वीय भाषाको रूपमा नेपालभाषा, मैथिली र हिन्दीलाई समावेश गरियो । नेपाल राष्ट्रिय विद्यापीठले २०१२मा प्रवेशिकादेखि विद्यालंकारसम्म ठाउँ दियो । २०१६ सालमा इन्टरमिडियट लेभलमा भर्नाकुलरको रूपमा नेपालभाषालाई पनि ठाउँ दियो । २०१७ सालमा देशमा पञ्चायती

©omkareshworshrestha

DRAFT

व्यवस्था लागू भयो। एकभाषा एक भेषको नारा शुरू भयो। २०२२साल वेशाख १ गते रडियो नेपालमा चलिरहेको नेपालभाषाको *जीवनदबू* नामक साप्तिहिक कार्यक्रम र दैनिक पाँचमिनेट प्रशारण भैरहेको नेपपालभाषाको समाचार बन्द गर्यो । त्यसको विरोधमा वर्षभरि प्रत्येक हप्ता टोलटोलमा साप्ताहिक साहित्य सम्मेलन गरे । तर शासकहरू टसका मश भएनन्। २०२८सालमा नयाँशिक्षा प्रणाली लागू गर्यो। स्कूलमा भैरहेको पूर्वीयभाषाको ठाउँमा नेपालभाषा, मैथिली र हिन्दी भाषाले अव विदशका १७ भाषा र अन्य सातवटा प्राविधिक विषय (गणित, विज्ञान आदि) को बीचबाट छानेर पढ्नु पर्ने भयो । त्यसमा नेपालभाषीले धुवाँधार विरोध गरे । देशमा अभिव्यक्ति स्वतन्त्रता पूर्णरूपमा बन्द थियो । नेपालीभाषा बाहेक देशका तमाम भाषालाई निस्तेज पार्न हिसावले स्कूलमा भैरहेको भाषा समेत बन्द गर्यो । फलस्वरूप नेपालभाषा पढ्ने मानिसहरू कम भए । २०३२ सालमा कलेजमा पनि सेमेष्टर प्रणाली अनुरूपको नयाँ शिक्षा प्रणाली लागू भयो । मानिसहरूले स्कूलमा पढ्न नपाएपनि कलेजमा गएर नेपालभाषा पढ्ने मानिस धेरै भए । २०२०सालतिबाट नेपालभाषाको एमए पढाई संचालनको निम्त स्वीकृति मागीरहेकोमा पाठ्यक्रमको स्तर नपुगेको बहानामा २०३४साल सम्म अल्झाइ रह्यो । उक्त वर्ष एक विषय शोधपत्र लेखेर एमए गर्ने *डिग्रि बाइ डिजर्टेशनको* व्यवस्था भयो । २०३५ सालमा विद्यार्थीको आन्दोलनको दवावले सुधारिएको पञ्चायती व्यवस्था कि बहुदलीय व्यवस्था छान्ने जनमत संग्रहको घोषणा भयो । त्यसैको आलोकमा नेपालभाषा मंकाखलःको गठन भयो । नयाँवर्षको शुभकामना (*न्हूदँया भिंतुना*) को अभियान ले तिव्रता पायो । देशभरि *भिंतुना* अन्दोलनले प्रकाशहुने मौका पायो । यस्ले गर्दा जनजातिहरूमा पनि जातीय चेत खुल्यो, *शेतामगुराली* संगठन खुल्यो । जनमतसंग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाको जीत भयो । तर त्यसको अभियानले मानिसहरूको राजनैतिक चेत खुलीसकेको थियो । त्यसेको आलोकमा २०३८सालदेखि नेपालभाषा विषयमा एमएको नियमित कक्षा खुल्यो । विद्यार्थी भर्ना तिव्र भयो । त्यसले सरकारको मन पोल्यो । २०४३सालमा आएर नेपाल सरकारले राजपत्र प्रकाशित गरेर तत्कालीन श्री ५को सरकारले निजामती सेवा बढुवा हुँदा एमए डिग्रीको नम्बर अबदेखि नपाउने सूचना प्रकाशित गर्यो (श्री ५को सरकार २०४३, १;३;१) । फलस्वरुप २०४५सालमा आन्दोलन शुरूभयो । २०४६ सालमा

©omkareshworshrestha

बहुदलीय प्रजातन्त्रको घोषणा भयो। नेपालभाषामाथि लगाइएको बन्देज पनि त्यही क्रममा फुक्यो। तर त्यस्को प्रचार हुदै भएन। २०५०मा काठमाडौका जोशिला नेवार अभियन्ताहरूले २०४६को संविधान अनुरूप मातृभाषाको स्कूल खोले। त्यस्को नाम मातृभाषाको लागि जीवन अर्पेका नेपालभाषाका पुनर्जागरणकालीन हस्ती माष्टर जगत सुन्दरमल्लको स्मृतिमा *जगतसुन्दर बोनेकुथि* नाम राखे।

काठमाडौ महनगरपालिका नेपालीभाषाको अतिरिक्त नेपालभाषालाई ‘अफिसियल लाङ्वेज’गर्ने काठमाडौ महानगरपालिकाको बोर्डले २०५४ श्रावण ९ गते निर्णय गर्यो।त्यसै गरी धनुषा जिल्ला विकास समिति र राजविराज नगरपालिकाले नेपालीभाषाको अतिरिक्त मैथिली भाषामा पनि औपचारिक कारोवार गर्ने घोषणा गर्यो। त्यसको विरूध्द तुरून्तै सर्विच्च अदालतमा अधिवक्ताहरू लिलामणि पौडेल, र सुदीप पौडेल लगायतले मुध्दा हाले। सर्वोच्च अदालतका न्यायधीश हरिश्चन्द्रप्रसाद उपाध्यायको एकल ईजलासले ‘मुद्दाको अन्तिम किनारा नलागुन्जेलसम्म महानगरपालिकामा नेपालभाषालाई आधिकारिक तवरले प्रयोग गर्ने, गराउने काम नगर्न, नगराउन २०५४ चैत्र ५ गते अन्तरिम आदेश जारी गर्यो। काठमाडौ महानगरपालिका, राजविराज नगरपिलका, र धनुषा जिल्ला विकास समितिलाइ दिएको अन्तरिम आदेशले नेपालमा नेपाली भाषा वाहेक कुनैपनि मातृ भाषालाई राज्यको कुनै निकायमा प्रयोग गर्न दिन शाशक वर्ग तयार छैन भन्ने कुरा महशुस भयो। यसका लागि संविधान तथा सर्वोच्च अदालत विरूध्द आन्दित हुनपर्ने महशुस भयो। यस्मा तत्काल नेपालभाषा र मैथिली भाषालाई प्रभाव परेको देखिए पनि वास्तवमा नेपालमा भविष्यमा उठन सक्ने जातीय चेतको वीज नष्ट गर्ने शासक वर्गको पेटमा रहेको रहस्य ‘रक्तवीज नष्ट गर्ने’ अभियानको पटाक्षेप हो। यसका विरूध्द भाषिक अधिकार संयुक्त संघर्ष समितिको आह्वानमा सम्पूर्ण आदिवासी जनजाति तथा भाषाभाषीको विशाल सहभागितामा नेसं११९८ चउलाथ्व ९ (विस २०५४ चैत्र-) , र ञलाथ्व ९ (विस २०५५ असोज १५) मा प्रदर्शनी भयो। तर सर्वोच्च अदालतको २०५६जेष्ठ १८गते सर्वोच्च अदालतको न्यायधीश द्वय कृष्णजंग रायमाझी र टोपबहादुर सिंहको संयूक्त इजलासले काठमाडौ महानगरपालिका र राजविराज नगरपालिका तथा धनुषा जिल्ला विकास

©omkareshworshrestha

समितिले नेपालभाषा तथा मैथिली भाषालाई मान्यता दिन गरेको निर्णय वदर गरेको फैसला सुनायो। यो फैसलासंसगै काठमाडौ उपत्यकाका स्थानीय एकाइले स्थानीय भाषालाई दिन गरेको निर्णय पनि वदर भयो। त्यसको विरोधमा नेपालभाषा, मैथिली भाषी तथाजनजातिले जेठ १८गतेको दिनलाई कालो दिनको रुपमा मनाउन थाले।

२०६३सालमा राजतन्त्रलाई फालेर नेपालको अन्तरिम संविधान आयो। उक्त संविधानको धारा ३मा राष्ट्र वहुजातीय, वहुभाषिक, वहुधार्मिक हुनेछ।धारा ५मा नेपालमा बोलिने सवै मातृभाषा राष्ट्रभाषा हुनेछ। नेपालीभाषा सरकारी कामकाजको भाषा हुनेछ भनिएको छ। उपधारा(४.२)मा स्थानीय निकायको कार्यालयमा मातृभाषा प्रयोगगर्न पाउने र यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा अनुवाद गरी अभिलेख राखिनेछ। धारा १७मा मातृभाषामा शिक्षा पाउने अधिकार दिएको छ। यसैगरी नेपालमा बस्ने सवै समुदायलाई आफ्नो भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्ध्दन गर्ने हक दिएको छ। यो संविधानको धारा ३५मा राज्यको नीतिमा पनि परेको छ। यो संविधानको चारवटा धारामा नयाँ प्रावधान देखिन्छ-

(क) यो संविधानले नेपालमा बोलिने सवै भाषालाई मातृभाषाको रूपमा समान तह (Equal footing) दिएको छ।

(ख) स्थानीय निकायमा मातृभाषा प्रयोग गर्न पाइने व्यवस्ता गरेको छ।

(ग) मातृभाषी बालबालिकाले आफ्नो मातृभाषामा आधारभूत शिक्षा लिने हकको पनि व्यवस्था गरेको छ।

(घ) नेपालको संविधानिक इतिहासमा सर्व प्रथम यो संविधानले सवै भाषालाई समानताको हक दिएर भाषाको आधरमा भेदभाव गर्न नपाइने कुरा गर्यो। यसभन्दा पहिलेको संविधान मा भाषिक समानताको हकको (२०४७,२०१९,२०१५,२००७,२००४) २०७४ योञ्जन तामाङ विस) व्यवस्था थिएन, ९(।

अन्तरिम संविधान पूर्ण संविधान बन्न एक दशक लाग्यो। २०७२मा बनेको नेपालको संविधानले भाषा सम्बन्धी सातवटा धारा छन्। ती हुन् –

DRAFT

©omkareshworshrestha

धारा ६ राष्ट्रभाषाः नेपालम बोलिने सवै मातृभाषा राष्ट् भाषा हुन् ।

धारा ७ सरकारी कामकाजको भाषा- (१) देवनागरी लिपिमा लेखिएको नेपाली भाषा सरकारको कामकाजी भाषा हुनेछ ।

(२) यो बाहेक प्रदेशले आफ्नो फ्रदेशमा बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी राषट्रभाषालाई प्रदेशको कामकाजी भाषा घोषणा गर्न सक्नेछ । भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्नय गर बमोजिम हुनेछ ।

धारा १८ समानताको हकः (२) सामान्य कानूनको प्रयोगना धर्म, वर्न, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, आर्थिक

अवस्था, भाषा वा क्षेत्रको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

धारा ३१ शक्षा सम्बन्धी हक- (१) हरक नागरिकलाई आधारभूत शिक्षा पाउने हक दिएको छ ।

(२) हरेक नागरिकलाई राज्यले आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क, त्यस्तै माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक दिएको छ ।

(३) मातृभाषामा शिक्ष लिने र त्यस्को लागि विद्यालय खोल्ने हक दिएको छ ।

धारा ३३ भाषा र संस्कृतिको हक-(१) हरेक व्यक्ति र समुदायलाईआफ्नो भाषा प्रयोग गर्ने, हक दिएको छ।

(२)नेपालमा वस्नेहरेक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, शांस्कृतिक सभ्यता र सम्पदाक संवर्धन तथा संरक्षण गर्ने हक हुनेछ।

धारा ५१(ग) सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीतिः बहुभाषा अपनाउने ।

धारा २८७ भाषा आयोग;(३) भाषा आयोगको अध्यक्ष वा सदश्यहरूको पदावधि छवर्षको गुनेछ ।

©omkareshworshrestha
DRAFT

(४) भाषा आयोगको अध्यक्ष वा सदश्य हुन (क) मान्यता प्राप्त विश्वविद्यालयबाटसम्बनधित विषयमा स्नात्कोत्तर उत्तीर्ण, (ख) नेपालका विभिन्न भाषाको अध्ययन, अध्यापन, अनुसन्धान र अन्वेषणको अनुभव हुनपर्छ,(ग) ४५ वर्ष पुराभएको हुनुपर्छ, (घ) असल चरित्र भएको ।

(५) भाषाआयोगको अध्यक्ष वा सदश्यको पद खालि हुने विभिन्न कारण यस्तो हुन सक्छ –(क) अध्यक्ष वा सदश्यहरूले राजिनामा दिएमा, (ख) अध्यक्ष वा सदश्यहरूलाई मन्त्रिपरिषदले हटाएमा, (ग) मृत्यू भएमा ।

(७) भाषाआयोगको उपधारा(६)को खण्ड (क) बमोजिमको काम आयोग गठनभएको दिनदेखि पाँचवर्षमा पुरा हुन्छ,

(८) नेपाल सरकारले प्रदेशसरकारसित समन्वय गरी प्रदेशमा भाषा आयोगको शाखा स्थाप्ना गर्न सक्ने छ।

(९) भाषाआयोगको अन्य कर्तव्य, अधिकार र कार्यविधि संघीय कानून अनुसार हुनेछ ।

सारमा यो संविधानमा व्यवस्ता गरिएका सात प्रावधानमध्ये तिनवटा नयाँ छन्-

(१) यो संविधानले नेपाली बाहेक प्रदेशभित्र वहुसंख्यक जनताले बोल्ने एक भन्दा बढी राष्ट्रभाषालाई प्रदेश कानून अनुसार सरकारि कामकाजको भाषा तोक्न सक्नेछधारा) .७२। त्यसैले नेपाली बाहेक हन्य मातृभाषा पनि सरकारी हुने व्यवस्था गरेको छ ।(

(२) धारा ५१ मा वहुभाषिक नीति अपनाउने प्रावधान छ। नेपालमा भाषा नीति (७) (ग) बनाएको छैन ।

(३) यो संबविधानको धारा२८७ १मा भाषाआयोग गठनको प्रावधान छ। यस्ले गर्दा. नेपालको भाषा समस्या समाधानहुने आस गर्न सकिन्छ २०७४ योञ्जन तामाङ विस), १२(।

©omkareshworshrestha

भाषाआयोग गठन हुनमा भाषिक अभियन्ताहरुको आन्दोलनको बल नै हो ।

४.२ नेवार समुदाय र वक्ता

भाषाको मानकीकरणमा मूलतः (१) लेखनप्रणाली, (२) भाषा, व्याकरण र कोशको निर्माण, (३) भाषाको अध्ययन, (४) पुस्तक प्रकाशनलाई समेटिएको छ ।

९.१ लेखनप्रणाली-

नेपालभाषको लेखन प्रणालीमा लामो चर्चा माथि (७)मा भैसकेको छ । त्यस्को पुनरावृत्ति गरिएको छैन ।

९.२ व्याकरण र कोशको निर्माण –

व्याकरण र कोशको क्षेत्रमा यथासक्य पुस्तकहरू निस्केका छन् । यस क्षेत्रमा भाषा संरक्षण, संबर्ध्दन र विकासका लागि प्रशस्त काम भएका छन् । बेला बेलामा आवश्यक छलफल सेमिनार आदि सम्पन्न गरी त्यसको क्रिया-प्रतिक्रियाको रुपमा सम्बन्धित पुस्तक निस्केका छन् ।

सुन्दरकृष्ण (जोशी २०६०, क-ज) का अनुसार नेपालभाषामा व्याकरण विस १८८८मा ब्रायन हजसनको अनुरोधमा अमृतानन्द वन्देले *नेपालभाषा व्याकरण* लेखेका थिए । यो पुस्तक लण्डनको ईन्डिया अफिस लाइब्रेरीमा सुरक्षित छ । त्यसपछि १९८३मा सिध्दिदासले *सिध्दिव्याकरण* र धर्मादित्य धर्माचार्यले *संक्षिप्त नेपालभाषा व्याकरण* लेखेको चर्चा सुनिन्छ तर प्रकाशमा आएको छैन । विसं १९३२(सन्१८७५) मा रूसका ईभान पाब्लोविच मिनाएफले नेपालभाषाको कोश र अरू पुस्तक संगै पं गुणानन्द वन्देद्वारा तयार पारिएको नेपालभाषाको व्याकरण पनि रूस लगेका थिए । यी पुस्तकहरूले नेपालभाषा यूरोपीय मुलुकमा रहेका भाषाविद्हरूलाई अध्ययनमा सहयोग पुगेको छ । यी व्याकरणका पुस्तक चर्चामै सीमित भएकोले यिन्को विषयमा केही भन्न सकिने देखिएन ।

विसं १९४८ (ईसं १९४१) मा हाएन्स योर्गेन्सनले *A Grammar of Classical Newari* लेखेका थिए । उक्त व्याकरण अभिलेखको आधारमा लेखिएको व्याकरण हो । विसं १९८५मा

©omkareshworshrestha

शुक्रराज शास्त्रीले *नेपालभाषा व्याकरण* लेखेर कलकत्ताबाट छपाउनु भयो । स्वदेशीले लेखेको नेपालभाषाको यो नै पहिलो व्याकरण हो ।

९.२.१ व्याकरण

हालसम्म नेपालभाषामा ठुला साना गरी निस्केका व्याकरणका पुस्तक पुस्तिका यस प्रकार छन्- शुक्रराज शास्त्रीको *नेपालभाषा व्याकरण* (नेसं १०४८ / विसं १९८५), चित्तधर हृदयको *नेपालभाषा गय् च्वयूगु* (नेसं १०७२ / विसं २००९), पुष्परत्न सागरको *सुबोध नेपालभाषा व्याकरण* (नेसं १०७२ / विसं २००९), लोकमानसिंको *नेपालभाषा व्याकरण* (नेसं १०७५ / विसं २०१२), सूर्यबहादुर पिवाःको *नेपालभाषा खःकथं च्वयूगु लँपु* (नेसं १०७५ / विसं २०१२),आदिबज्र बज्राचार्यको *शब्द रचना अलंकार* (नेसं १०७८ / विसं २०१५), *नेपालभाषाया लँपु* (नेसं १०७८ / विसं २०१५), सत्यमोहन जोशीको *शुध्दं च्वेगु सुत्र* (नेसं १०७८ / विसं २०१५), हितकरवीरसिंह कंसाकारको *पौभाः* (नेसं १०७८ / विसं २०१५), ईश्वरानन्द श्रेष्ठाचार्यको चलंचा (नेसं १०८६ / विसं २०२३), *मूलुखा* (नेसं १०९२ / विसं २०२९), तुयुबहादुर महर्जनको *झीगु व्याकरण* (नेसं १११० / विसं २०४७), *नेपालभाषा व्याकरण* (नेसं १११८ / विसं २०५५), सुन्दरकृष्ण जोशीको *नेपालभाषाया भाषावैज्ञानिक व्याकरण* (नेसं १११२ / विसं २०४९), *नेपालभाषा व्याकरण* (नेसं ११२३ / विसं २०६०), पन्नाप्रसाद जोशीको *नेपालभाषा शब्द रूपावली* (नेसं १०७९ / विसं २०१६), सूर्यबहादुर पिवाःको *ह्रस्वदीर्घया मे* (नेसं १०७९ / विसं २०१६), ज्यानबहादुर नेवाःको *संक्षिप्त नेपालभाषा व्याकरण* (नेसं १०८१ / विसं २०१८), काशीनाथ तमोटको स्तरीय *नेपालभाषा नियमावली* (नेसं ११०० / विसं २०३७), तेजरत्न कंसाकारको *नेपालभाषा व भाषाविज्ञान* (नेसं ११०२ / विसं २०२९), राजा शाक्यको *सहलहया सुलचं* (नेसं १११० / विसं २०४७) ।

९.२.२ शव्दकोश-

भाषिकज्ञान सञ्चय, अभिवृध्दि, प्रवर्ध्दन गर्न शब्दकोशको भुमिका उल्लेखनीय रहन्छ । त्यस काममा नेपालभाषामा यसप्रकार काम भएका छन् । यसमा शब्द संग्रह (Glossary) र

©omkareshworshrestha

शब्दकोश Dictionary दुवै पर्दछन्। नेपालभाषामा निस्केका यस्ता पुस्तकहरू शब्द संग्रहकोकोटिमा पर्छन। साह्रै नै थोरै मात्र शब्द कोश छन्।

सुगतदास तुलाधरको *शब्द संग्रह* (नेसं १०४७ / विसं २००४), *नेपालभाषा शब्द संग्रह* (नेसं ११०४ / विसं २०४१), आदिबज्र बज्राचार्यको *छुं पर्यायवाची कोष* (नेसं १०७४ / विसं २०११), *पर्यायवाची कोष, निगूगु* (नेसं ११०० / विसं २०३७), पन्नाप्रसाद वैद्यको *संक्षिप्त नेपालभाषाया शब्दकोष* (नेसं १०७६ / विसं २०१३), *संक्षिप्त नेपालभाषाया शब्दकोषया ताःचा* (नेसं १०७६ / विसं २०१३), मङ्गलानन्द शर्माको *षडभाषा भरणेपिता* (नेसं १०७६ / विसं २०१३), गोकुलप्रसाद शर्माको *शब्द संग्रह* (नेसं १०९२ / विसं २०२९), काशीनाथ तमोटको *पाठ्य संस्कृत नेपालभाषा खँग्व धुकूचा* (नेसं १०९७ / विसं २०३४), *पुत्रपौत्रादिवोधिनी* (नेसं ११०३ / विसं २०४०), कृष्णप्रकाश श्रेष्ठको *नेपाली - नेपालभाषा शब्दावली* (नेसं १०९८ / विसं २०३५), सत्यमोहन जोशीको *सत्य-कोश* (नेसं १०९९ / विसं २०३६), *एक सय शब्द, सच्छि खँग्वः* (नेसं ११०१ / विसं २०३८), *बःचाधंगु नेपालभाषा कोष* (नेसं ११०७ / विसं २०४४), विकासमान स्यस्यःको *सर्वय्* (नेसं ११०३ / विसं २०४०), आनन्दरत्न बज्राचार्यको *नमस्ते शब्द संग्रह* (नेसं ११०६ / विसं २०४३), ठाकुरलाल मानन्धर र एनी वर्गेटको *नेवारी अंग्रेजी शब्दकोश* (नेसं ११०६ / ईसं १९८६), हाएन्स जोर्गेन्सनको *क्लासिकल नेवारी डिक्सनरी* (नेसं ११०९ / विसं १९८९), कोएल्भर र ईश्वरानन्द श्रेष्ठाचार्यको *अ डिक्सनरी अव कन्टेम्पोरारी नेवारी* (नेसं १११४ / ईसं १९९४), ज्योतिकिरण बासुकलाको *ख्वप नेवाः खँग्वः* (नेसं १११५ / विसं २०४२), दुर्गाबहादुर श्रेष्ठको *नेपाली, अंग्रजी, हिन्दी, संस्कृत, नेपालभाषा* (मिति छैन), सूर्यप्रकाश श्रेष्ठको *झीगु नेपालभाषा खँया माः* (नेसं १११४ / विसं २०५१), ईश्वरानन्द श्रेष्ठाचार्यको *धुकू-पिकू, नेपालभाषाया मुक्क क्रियाया धुकू* (नेसं १०८३ / विसं २०२०), *कन्साइज नेवारी इंग्लीस डिक्शनरी* (नेसं ११०५ / ईसं १९९५), सरीता प्रकाशनको *हिन्दी, अंग्रजी, नेपालभाषा* (मिति छैन), प्रेम सायमिको *नेवाःनां मुना म्हिचा सफू* (नेसं १११७ / विसं २०५४), तुयुबहादुर महर्जनको *खस नेपालभाषा खँग्वः धुकू* (नेसं ११२८ / विसं २०६५), बज्रमुनि बज्राचार्यको *पुलांगु नेपालभाषाया पारिभाषिक खँग्वःमुना* (नेसं ११२१ / विसं २०५८), बिमल

©omkareshworshrestha

ताम्रकारको *नेवाः खँग्वः पुथि* (नेसं ११२५ / विसं २०६२), कमल तुलाधरको *अंग्रेजी-नेपालभाषा खँग्वःधुकू* (नेसं ११२३ / विसं २०६०), भूषणपरसाद श्रेष्ठको *सःग्वःछि धुकू* (नेसं ११२४ / विसं २०६१), इन्द्र मालीको *नेपालभाषा तःखँग्वःधुकू* (नेसं १०३० / विसं २०६७), उपेन्द्र प्रधानको *द्वाल्खा नेपालभाषाया खँकुठी* (नेसं ११३२ / विसं २०६९)।

भाषा सिकाउने सामग्री पनि यसै कोटिमा पर्छन। यस्ता सामग्री नगण्यप्राय छन् । दयारत्न शाक्यको *नेवाःभाय् लर्नर* (नेसं ११३१ / विसं २०६८) यसमा पर्छ ।

४.३ जनगणनाहरूको तुलनात्मक अध्ययन

आजसम्म नेपालमा छवटा राष्ट्रिय जनगणना भैसकेको देखिन्छ । सबैभन्दा पहिलो १९५२ / ५४ (२००९ / ११) हो भने पछिल्लो २०११ (२०६८) हो । सन् १९९१ मा कूलजनसंख्याको ५.६ प्रतिशत, सन् २००१ मा ५.४८ प्रतिशत र सन् २०११ मा ५.६ प्रतिशत ओगटेको छ । त्यस्तै वक्ताका हिसावले सन १९५२ / ५४ मा ४.६ प्रतिशत, १९६१ मा ४.१ प्रतिशत, १९७१ मा ३.९४ प्रतिशत, सन् १९८१ मा २.९९ प्रतिशत, सन् १९९१ मा ६६.२१ प्रतिशत, सन् २००१ मा ६६.२८ प्रतिशत र सन् २०११ मा ६४.०४ प्रतिशत रहेको देखिन्छ । सन् १९९१ देखि २०२१ सम्मको जनगणनामा भाषिक विचलन हेर्दा १९९१मा ३४ प्रतिशत, २००१ मा ३४ प्रतिशत र २०११ मा ३६ प्रतिशत देखिन्छ । यसरी भाषिक विचलन को प्रतिशत बढोत्तरी हुनु १०लाख भन्दा कम वक्ता भएको भाषाको लागि चिन्ताको विषय हो (हेर्नु ; तालिका नं १)।

तालिका नं १; *१९५२-२०११सम्मको जनगणनाको तुलना*

साल	कूलजनसंख्या	जनसंख्या	भाषिक विचलन
१९५२/५४		३८३,१८४(४.६%)	
१९६१		३७७,७२१(४.१%)	
१९७१		४५४,९७९(३.९४%)	

DRAFT

©omkareshworshrestha

१९८१		४४८,७४६(२.९९%)	
१९९१	१,०४१,०९०(५.६३%)	६९०,००७(३.७३%) (६६.२७%)	३५१,०८३(३३. ७२%)
२००१	१,२४५,२३२(५.४८%)	८२५,४५८(३.६३%)(६६.२८%)	४१९,७७४(३३. ७६%)
२०११	१,३२१,९३३(५.६%)	८४६,५५७ (६४.०३%) (३.२०%)	४७५,३७६(३५. ९६%)

श्रोतः केन्द्रीय तथ्याङ्क विभाग(सन्१९५२|५४-२०११)

४.४ सञ्चारमाध्यममा नेपालभाषाको प्रयोग

नेपालभाषाको पुस्तक देवनागरी लिपिमा छापाखानाबाट नेसं १०२९ (विसं १९०९) *अष्टसहस्रिका प्रज्ञापारमिता*को २१वटा श्लोकलाई अनुवाद गरी *प्रज्ञापारमिता देवीया एकविंशति श्लोकया भाषासहीत* पहिलो पटक निस्कियो (क. मल्ल नेसं १०९९, १)। यसभन्दा पहिले पुस्तक राम्रा राम्रा अक्षर लेख्ने लेखनदासहरूलाई लेखाइन्थ्यो।

प्राप्त अभिलेख अनुसार हालसम्म नेपालभाषाबाट निस्केको पुस्तक सूची छवटा निस्किसकेका छन्। कमलप्रकाश मल्लद्वारा संकलित *नेपालभाषा ध्वानासफूया धलः* भाग १ (नेसं १०२०- १०९७ / विसं १९५७-२०३४), *नेपालभाषा ध्वानासफूया धलः* भाग २ (नेसं १०९८-११०४ / विसं २०३५-२०४१), पूर्णप्रसाद अमात्यद्वारा संकलित तथा विवेचित *नेपालभाषा वाङ्मय सूची* (नेसं १११८/ विसं २०५५), विमल ताम्रकारद्वारा संकलित *नेपालभाषा ध्वानासफूया धलः* भाग ५ (नेसं ११२१-११३० / विसं २०५८-२०६७), *नेपालभाषा ध्वानासफूया धलः*(नेसं ११३२ / विसं २०६९), र *कुतः पिकाकया पिथना धलः* (नेसं ११२१-११३१ / विसं २०५८-२०६८) छन्। यसमध्ये पूर्णप्रसाद अमात्यको पुस्तकमा पुस्तकालय विज्ञानको विधि अनुसार सूची तयार गरिएको छ। यसबाहेक विमल ताम्रकारले उपलव्ध गराउनु भएको प्रकाशोन्मुख ड्राफ्ट कपिमा (नेसं ११३१-११३५ / विसं २०६८-२०७२) अवधिका ३१० वटा पुस्तकको सूची समावेश गरिएको छ। त्यो

DRAFT

©omkareshworshrestha

ड्राफ्टमात्र हुँदा त्यसबाट संख्यामात्र दिइएको छ। प्राप्त सामग्री हेर्दा नेसं १०२९-१०३९को दशकमा मात्र चारवटा पुस्तक निस्केको देखिन्छ । नेसं १०४३-१०७४ / विसं १९८०-२०११) को समयावधिमा १२ वटा पुस्तक निस्कियो। नेसं १०७० (विसं २००७) साल सम्ममा जम्मा ९६वटा पुस्तक निस्कियो। सेन्सर अड्डा खडा भएदेखि २००७ फागुन ७ गते सम्म समितिमा पास गर्न ल्याइएका मात्र ११५ पुगेको थियो। नेसं१०२९- १०९७ / विसं १९५७-२०३४) को ६८वर्षको अवधिमा ८१९वटा पुस्तक निस्कियो। यसरी हेर्दा वर्षमा १२,१३वटा पुस्तक निस्केको देखिन्छ। नेसं १०९८- ११०४को अवधिमा ३६९ निस्केको देखियो। यसरी हेर्दा वर्षको ६१।६२ वटा निस्कियो। ११२१-११३०को अवधिमा ६८८, त्यो हिसावले वर्षमा ६९ पुस्तक निस्केको देखियो। जम्माजम्मी नेपालभाषामा २५०४ (२३६३) वटा पुस्तक निस्केको देखिन्छ। तिनमध्ये २३६३ वटाको वर्गीकरण भेसकेको छ (अमात्य नेसं १११८, क-च), जसअनुसार विज्ञान प्रविधिको १४ (५९%), विविध ४५ (१.९१%), दर्शन ६९ (२.८४%), सामाजिक शास्त्र ६८ (२.८८%), इतिहास जीवनी ८६(३.६५%), भाषा १०९ (४.६२%), कला १९१ (८.०९%), साहित्य ७८९ (३३.४२) र धर्म ९९२ (४२%) देखिन्छ। यसरी प्रकाशित पुस्तकले नेपालभाषाको लेखन अझै धर्म र साहित्यबाट जीवनका विविध क्षेत्रमा हात हालेको देखिएन। यो भाषा विकासको लक्षणमा त्यतिको सकारात्मक मानिदैन।

आमसञ्चारको सवैविधा टेलीभिजन, रेडियो, पत्तपत्रिका अनलाइनमा मा नेपालभाषाको प्रयोग भैरहेको छ । रेडियोनेपाल, इमेज एफएम, सगरमाथा एफएम, कान्तिपुर, हिटस एफएम, उपत्यका एफएम, उज्यालो एफएम, तथा अन्यरडियोमा गरी १५३ घण्टा प्रति सप्ताह रेडियोमा प्रसारण भैरहेको छ । नेपालभाषामा प्रसारण हुने टेलीभिजनमा इमेजच्यानल, नेपाल टेलिभिजन, नेपालमण्डल, नेवाः टेलिभिजन, इण्डिजिनस, काष्ठमण्डप हुन्। टेलिभिजनमा १७२घण्टा प्रति सप्ताह प्रसारण भैरहेको छ (ओ. श्रेष्ठ नेसं ११३०, ५३)। पत्रपत्रिकामा सरकारी गोरखापत्रको नयाँ नेपालको पाक्षिक प्रकाशन भैरहेको छ। दैनिकमा *नेपालभाषा टाइम्स, झीगु स्वनिगः*, साप्ताहिकमा *देशयूमरू इयाः, तिकिझ्याः, सम्यक, नेवाः राज्य,* पाक्षिकमा *लहना, पेजश्री*, मासिकमा *लायूकू, नःलि, थौंकन्हे,*

©omkareshworshrestha

न्यू प्रेष्टीज नेपाः, समसामयिकमा *धिमय् पौ*, लिपिबाट निस्कनेमा रञ्जनाको *लुँआखः*, प्रचलितमा *लिपिपौ* हुन् । अनलाइनमा *नेपालभाषा टाइम्स* र *नेवाः अनलाइन न्यूज*, *झीगु डट कम* हुन् ।

विदेशमा वस्ने नेवारहरूले आफ्नो संगठन खोलेका छन्[14] । तिनीहरूले नेपालभाषामा स्मारिका, वार्षिक मुखपत्र पनि निकालेका छन् । त्यस्मा संयूक्त राज्य अमेरिकाको शिकागोमा 'अमेरिकन नेवाः दबू'को गठन भएको छ । यस संगठनले *शिकागो नेवाः (Chicago Newa)* प्रकाशन गर्छ । त्यस पत्रिकाले नेपालभाषाको साहित्य, नेवार संस्कृति र सम्पदाको विषयमा लेख प्रकाशित गर्दछ। अहिलेसम्मम यस्को पाँचवटा अङ्क निस्कीसकेको छ । वाशिङ्टन डीसीमा वर्ल्ड नेवाः अर्गनाइजेशन (WNO), नेवा अर्गनाइजेशन अव अमेरिका (NOA), संगठन छन् । वर्ल्ड नेवाः अर्गनाइजेशनलाई 'हलिं नेवाः गुथि' पनि भनिन्छ । यो नेवारहरूको विश्वव्यापी संगठनको रूपमा स्थापित छ । यस्को १८वटा मुलुकमा शाखा कार्यालयहरू छन् । त्यस्तै नेवाः अर्गनाइजेशन अव अमेरिकाको क्यालिफोर्निया साउथ, क्यालिफोर्निया नर्थ, बोस्टन, फ्लोरिडा र स्याटलमा गरी पाँचवटा च्याप्टर छन् । यस संस्थाको प्रकाशन *लसकुस* हो । यसको १२वटा अङ्क प्रकाशित छन् । त्यस्तै बोस्टनमा नेपाः पासा पुचः अमेरिकाय् (NPPA) छ । वर्ल्ड नेवाः अर्गनाइजेशनले प्रत्येक वर्ष मार्च ३०-३१ मा विश्वव्यापी नेवाः दिवस मनाउँछ । त्यसबेला *हलिंनेवाः* मुखपत्र निकाल्ने गर्दछ । यो मूखपत्र नेसं ११३८ देखि निकाल्न थालेको हो । नेपाः पासा पुचः अमेरिकाय्को प्रकाशन दबू हो । यस्मा साहित्य भाषाको लेख प्रकाशित हुन्छ । टेकसासमा यूनाइटेड नेवाः यूएसए टेसास संस्था रहेको छ। यस्ले सभेनियरकोनामबाट स्मारिका निकाल्छ। यस्को दुई अङ्क प्रकाशित भैसकेको छ । त्यस्तै संयुक्त अधिराज्य, बेलायतमा पासा पुचः गुथि, यूकेको स्थापन भएको छ । यस संस्थाले *गुथि* नामक वार्षिक मेगाजिन निकाल्छ । अहिलेसम्म १२ अङ्क प्रकाशित भैसकेको छ । बेलायतबाट एउटा चौमासिक पत्रिका *मतिना* निस्कन्छ । विगत १०वर्षदेखि यो पत्रिका निरन्तर निस्किरहेको छ ।

---

14 यस्को जानकारी किरण केन रञ्जीतले २०७६ वैशाख १५गते दिन भएको हो । उहाँ वर्ल्ड नेवाः अर्गनाइशनको नेपाल प्रतिनिधि हुनुहन्छ ।

©omkareshworshrestha

DRAFT

४.५ नेपालभाषाको अध्ययन परम्परा

भाषाको विषयमा गरिएका वृहत्तर अध्ययनले भाषाको मानकीकरणमा ठूलो योगदान पुगेको हुन्छ । यस्ता अध्ययन विश्वविद्यालय वा तत् सम्बन्धीत संस्थाको मातहतमा गरिएका अध्ययन पर्छन् । कुनै कुनै स्वतन्त्ररूपमा गरिएका अध्ययन समेत छन्-

शिशिरकुमार स्थापितको *English, Nepali & Newari A Comparison and its Pedagogic Application* (नेसं १०९८ / ईसं १९७८), तेजरत्न कंसाकारको *A Generative Phonology of Kathmandu Newari* (नेसं १०९९ / ईसं १९७९), सुन्दरकृष्ण जोशीको *A Descriptive Study of the Bhaktapur Dialect of Newari* (नेसं १०८४ / ईसं १९८४), क्यारोल जेनेटीको *A Descriptive and Historical Account of The Dolakha Newari Dialect* (नेसं १११० / ईसं १९९०) सो शोधग्रन्थलाई परिमार्जन गरी *A Grammar of Dolakha Dialect* (नेसं ११२७ / ईसं २००७)शिर्षकमा प्रकाशित, रूद्रलक्ष्मी श्रेष्ठको *दोलखा नेवाः भाय्या वर्णानात्मक अध्ययन* (नेसं १११२ / ईसं १९९२), तुयूबहादुर महर्जनको *नेपालभाषाय् क्रियाया काल, पक्ष व भाव* (नेसं ११२७ / ईसं २००७ (?), र ओमकारेश्वर श्रेष्ठको *A Grammmar of Pahari* (नेसं १११० / ईसं २०१०) उल्लेखनीय विद्यावारिधिका अध्ययन हुन्[15] ।

नेपालभाषाको एमए डिग्री पाउन लेखिएको तुलसीलाल सिंहको *नेपालभाषाय् नासिक्य वर्ण* (नेसं ११०५ / विसं २०४२), पछि सो ग्रन्थ *नेपालभाषाको प्याङ्गा भाषिकाया अध्ययन* शिर्षकमा प्रकाशित (नेसं १११२ / विसं २०४९), रुद्रलक्ष्मी श्रेष्ठको *नेपालभाषा थःथिति खँग्वःया तुलनात्मक अध्ययन* (नेसं ११०५ / विसं २०४२), दयारत्न शाक्यको *Nominal and Verbal Morphology in Six Dialects of Newari* (नेसं १११२ / ईसं १९९२), ओमकारेश्वर श्रेष्ठको Verb Morphology in Tansen Dialect of Nepalbhasha (नेसं ११२० / ईसं २०००) उल्लेखनीय छन् ।

[15] यसमा ज्योतिप्रभा तुलाधर र उमा श्रेष्ठको नाम छुट्न गएको छ ।

©omkareshworshrestha

त्यस बाहेक स्वतन्त्र रूपमा गरिएका अध्ययन यस प्रकार छन्- रमापतिराज शर्माको *नेपालभाषाया नँ नेपालभाषाया बँ* (नेसं १०९९ / विसं २०३६), *नेपालभाषा क्रियातय् पुसाग्वः धुकू*(नेसं ११३१ / विसं २०६८), *नेवाः भाय्या हलिमलिइ झीगु संस्कारया जहाँ* (नेसं ११३१ / विसं २०६८), तेजरत्न कंसाकारको *A Basic Course in Colloquial Newari* (नेसं ११०३ / ईसं १९८३), कमलप्रकाश मल्लको *The Newari Language : AWorking Outline* (नेसं ११०५ / ईसं १९८५), राजेन्द्र शाक्यको *नेपालभाषाया बलामिभाषिकाया क्रियारुप* (नेसं १११९ / विसं २०५५), ओमकारेश्वर श्रेष्ठको *तानसेन नेवाः भाषिकाय् रूपायन पध्दति* (नेसं ११२१ / ईसं २००१), *पोखरा र काठमाडौ-पाटनको नेपालभाषामा रूपायन भेद* (नेसं ११२२ / ईसं २००२), *नेवाःभाय्या म्हिचासफू* (नेसं ११३१ / विसं २०६८), *नेपालभाषाया 'ए' वर्ण* (नेसं ११३८ / विसं २०१८), अष्टिनहेल र केदारप्रसाद श्रेषठको *Newar (NepalBhasha)* (नेसं ११२६/ ईसं २००६), तुयूबहादुर महर्जनको *नेपालभाषाया भाषावैज्ञानिक अध्ययन* (नेसं ११३१ / विसं २०६८), *स्तरीय भाषाया रूपय् येँ-यलया भाषिका* (नेसं ११३१ / विसं २०६८), *नेपालभाषाया भाषिक विशेषता* (नेसं ११३१ / विसं २०६८), दानराज रेग्मीको *Khwopa Newar A Grammar Sketch* (नेसं ११३२ / ईसं २०१२), काशीनाथ तमोट र जीवनकुमार महर्जनको *नेपालिपि स्वसःत्या दँ न्ह्यो कण्ठ्यघोष महाप्राण वर्ण च्वय्गु कुतः*, बेखाराम श्रेष्ठको *बलामि नेपालभाषा* (नेसं ११३५ / विसं २०७२) प्रकाशन भयो।

पुस्तकाकार बाहेक फुटकर लेखहरूपनि यस्मा निकै छन्।

उपर्यूक्त अध्ययनले नेपालभाषाको क्रिया र नाममा हालको हिज्जे प्रयोग यसरी भैरहेको छ। तिनमा सुधार परिमार्जन गर्दा यी प्रश्नको उत्तर खोजनु पर्ने देखिन्छ।यिनलाई यससरी वर्गीकरण गर्नु उचीत देखिन्छ-

(क) *ए- स्वर समूह* –यस्मा जगतसुन्दर मल्ल (नेसं १०३५) ओमकारेश्वर श्रेष्ठ (११३०,११३१, ११३८) समाहित छन्। यो समूहको भनाइअनुसार नेपालभाषामा विद्यमान 'य्' हलन्त, र 'ये-य्' उभय लेखन नेपालभाषाको प्रकृति अनुरूप छैन। नेपालभाषा स्वरान्त भाषा

©omkareshworshrestha

भएकोले क्रिया, विभक्ति, नाम, सर्वनाम, संख्या,आदि सवै ठाउँमा 'ए' प्रयोग गर्नु पर्छ। तत्सम भने पछि त्याहाँ जे छ त्यहि हुने भयो कुरै सिध्दियो। तद्भव भनेको परिवर्तन हुदै नेपालभाषाको परिधिभित्र आउने हुँदा त्यसमा नेपालभाषाको नियम लागू हुनु पर्छ, अन्यथा गर्न पाइदैन।

(ख) *य्-हलन्त समूह* – यो समूहमा चित्तधर हृदय (१०९७), सुन्दरकृष्ण जोशी (१११२, २०६०), रुद्रलक्ष्मी श्रेष्ठ (१११०,११२१), तुलसिलाल सिं(११२२), समावेश छन्।

(ग) *य- अजन्ता समूह* – यो समुहमा जनकलाल वैद्य (११०५) मात्र हुनुहुन्छ। उहाँका अनुसार सवै ठाउँमा 'य' प्रयोग भएपछि समास्या रहन्न।

(घ) *ये र य्- उभय समूह* – यो समूह सवैभन्दा ठुलो समूह देखिन्छ। शुक्रराज शास्त्री (१०४८), हृदयचन्द्रसिंह प्रधान (१०६८), पुष्परत्न 'सागर', लोकमान सिं (१०७५), सूर्यबहादुर पिवाः (१०७६), सत्यमोहन जोशी (१०७८), ज्यानबहादुर नेवाः (१०८१), रमापतिराज शर्मा (१०९१, ११२१, ११३१, ११३१,क), ईश्वरानन्द (१०८३, १०८७, ११०१), काशीनाथ तमोट (११०१, ११३४), तुयूबहादुर महर्जन (१११०, १११८, ११२७, ११२८, ११३२), विष्णु चित्रकार (१११०), वालगोपाल श्रेष्ठ (११३७) यो समुहमा पर्छन्।

ये-कारबादी- भनेर चिनिने यो समुहको सार विचार (अ) तत्सम शब्दमा 'य', (आ) (स, च, ज) बाट तद्भव भैआएकोमा 'य्', अनि (इ) क्रियार्थकमा 'ये' प्रयोग गर्नु पर्छ भन्ने छ।

(ङ) पश्चिमा- खासगरी अंग्रेजी भाषाको माध्यमबाट भाषाविज्ञानका लेख्नेहरू शिशिरकुमार स्थापित (१९७८), तेजरत्न कंसाकार (१९७९), कमलप्रकाश मल्ल (१९८५), अष्टिन हेल (२००६) लाई देवनागरी अक्षर चलाउन दरकार पर्दैन। उहाँहरूले नेपालभाषमा लेख्ने स्रष्टाहरूले प्रयोग गर्ने (य, य्, ये, ए) को ठाउँमा (-e) गर्छन्। देवनागरी वर्णको विषयमा यो समूह मौन छ।

विद्यमान अवस्थामा हिज्जेको सन्दर्भमा मूलतः दुई विषय सतहमा देखिएको छ, अर्थात् 'य्' वा 'य्-ये' को प्रयोग (हेर्नु विस्तृत जानकारीको लागि हेर्नु- (ओ. श्रेष्ठ, नेपालभाषाया ए वर्ण २०१८)

©omkareshworshrestha
DRAFT

। नेपालभाषा केन्द्रीय विभागको प्रकाशनमा 'य्' हलन्त प्रयोग हुन्छ भने अन्यत्रबाट 'य्-ये' भैरहेको छ ।

वर्तमानमा क्रिया र नाममा दुईप्रकारको हिज्जे प्रयोग भैरहेको छ । 'य्' वा 'ये' लेखेर 'ए' उच्चारण गर्दै आएको छ। नेपालभाषाको मौलिक र तद्भवबाट आएका ध्वनिपरिवर्तनलाई समाहित गर्न नेपालभाषाको वर्णविज्ञान अनुसार स्वर 'ए' प्रयोग गर्दा सवैको मार्ग प्रशस्त हुने देखिन्छ । नेपालभाषाको लेखनप्रणाली सम्बन्धी सर्वेक्षणमा मूलतः यिनलाई आधारभूत सिध्दान्त मानिएको छ - (क) *नेपालभाषामा (इ, उ, ए, अ, आ) पाँचवटा स्वर छन्* , (ख) *नेपालभाषा स्वरान्त, आक्षरिक भाषा (syllabic) भाषा हो* । (ग) *दैनिक लेखन वार्णिक आलेखन प्रणालीअनुसार हुन्छ*, (घ) *मीतव्ययी एवं प्रभावशाली भाषाको एक आधार हो*, र (ङ) *भाषावैज्ञानिक विश्लेषण गर्दा तथ्यको ध्वनितात्विक आलेखन हुन्छ* ।

DRAFT

यी आधारभूत सिध्दान्तमा कहिं विवाद छैन । यस्को समाधान यसरी दिन सकिन्छ । पनि सिध्दान्तलाइ यस्ले पूर्णतः शीरोधार्य गर्छ । यहाँ प्रश्न उठेको (ग) को व्यावहारिक समाधानमा हो । हाल नेपालभाषामा स्वरको उच्चारणमा अर्धस्वर 'य्-ये' प्रयोग भैरहेको छ । सैध्दान्तिक हिसावले यो साह्रै नमिल्ने कुरा हो । 'ए' प्रयोग गर्दा स्वरको उच्चारण अनुरूपको वर्ण प्रयोग हुने भयो । एउटै वर्ण नाम, सर्वनाम, क्रियार्थक, आत्म अभूत, संख्या, अव्यय सवैठाउँमा एउटै वर्ण 'ए' प्रयोग गर्दा मीतव्ययी भयो। देवनागरीको माध्यमबाट स्कूल कलेजबाट दीक्षित विद्यार्थी तथा विभाषि समेतले नेपालभाषाको पाठ सहजरूपले पढ्न सक्ने हुँदा प्रभावशाली पनि हुने भयो । यो सरल र प्रभावशाली पनि भयो । यसले ('य' सित जोडिएको) संयूक्ताक्षरपनि लेख्न पनि सजिलो हुने भयो । जस्तै- *क्यले* > *केले* ' पिध्नु', *ख्यलए* > *खेले* 'चौरमा', *छयनए* > *छेने* 'शिरमा', *छयले* > *छेले* 'प्रयोग गर्नु' आदि ।

सारमा य-हलन्त र य्-ये-उभयकारलाई समन्वय गरी विकल्पमा स्वरवर्ण 'ए' प्रयोग गर्दा सवैतिरबाट सिध्द हुने देखिन्छ।

©omkareshworshrestha

४.६ नेपालभाषाको लिखित, औपचारिक तथा मौखिक प्रयोग

५.शिक्षा, सञ्चार आदिमा भाषाको प्रयोगको वर्तमान स्थिति ।

राणा प्रधानमन्त्री जंगबहादुर बेलायत यात्रा गर्दा 'मिनिष्टर' उपाधिबाट विभूषित भए । तर अंग्रेजीमा कुराकानी गर्न नसक्दा मनमा कुरो खट्किंयो । नेपालमा आएपछि अंग्रेजी सिक्ने हिसावले थापाथली दरवारको दाख चोकको भुँइ तल्लामा विसं १९१० असोज २७गते अंग्रेजी स्कूलको स्थापना गरे । त्यसकालागि लर्ड केनिङलाई बेलायतबाट झिकाएर हेडमाष्टर बनाइयो । त्यस्को व्यवस्थापन गर्न मिष्टर रोज (Ross)लाई दिइयो । विसं १९१५ मा शिक्षा विभागको स्थापना भयो । त्यसको डाइरेक्टर जंगबहादुरका माईलो भाइ बबरजंग शम्शेर बानाइयो । त्यतिबेला अंग्रेजी, गणित, र ईतिहास गरी तीन विषय मात्र पढाइन्थ्यो । त्यस्का विद्यार्थी जंगबहादुरका भाइभतीजा खासगरी धीर समशेरका १७भाइ थिए । धीर शमशेरले सो स्कूललाई चारबुर्जा (होटल रोयल), त्यसपछि धीर शमशेरको दरवार जमलमा सारे । त्यहाँबाट नारायणहिटी दरवारक्याम्पभित्र सानुचोक बैठकमा सारे ।१९३३मा रणोध्दीपसिंहले सर्व साधारणलागि उक्त स्कुल खुला गरे । १९४० मा फेरी दाख चोकमा सारियो ।१९४२मा रणोध्दीपको हत्या पछि हालको ठाउँ रानी पोखरीमा टहरा बनाई दरबार स्कूल सारियो । त्यसका पहिलो विद्यार्थीमा केदारनरसिंह राणा, श्रीनिवास गिरी, बलवीसिंह प्रधान, अष्टमान राजभण्डारी थिए । त्यस्को परीक्षा कलकत्ताबाट संचालन हुन्थ्यो (http // www. durbarschool.edu.np Accession on 2019.4.28)। यसरी नेपालमा आधुनिक शिक्षाको प्रारम्भ दरवार हाईस्कूलको स्थापनालाई मानिन्छ । त्यसबेला नेपालमा भारतमा चलेको बेलायती शिक्षा नै नेपालमा दरबारियाकोलागि चलाइएको थियो, र त्यसमा पछि राणाको दरवारमा सेवा गर्ने सेवक (कर्मचारी)का छोराहरूलाई पनि एक दुई ठाउँ दिइएको थियो । त्यस्तो शिक्षामा भाषा, त्यसमा

©omkareshworshrestha
DRAFT

पनि नोकरको भाषा जंगलीको[16] भाषा (अर्याल विसं १९७४, १०-११) देशका जनजातिको भाषा हुने त कुरै भएन। चन्द्र शमशेर जस्ता निरंकूश शासकको प्रचण्ड शासनमा नेपालमा जनजागृति सामजिक चेतना जस्तै नेपालभाषाको पुनरजागरणको जग राख्नु कम व्यङ्ग्यको काम थिएन। यस्ता शासकको २८ वर्षे शासनकालमा (विस १९५८-१९८०) जनता साह्रै थिचोमिचोमा परे। त्यसका विरूध्द जनता बिस्तारै उठे।

४.७ नेपालभाषाको उत्थान र विकासमा भाषिक समुदायको प्रयास

प्रथम विश्वयूध्द र भारतीय स्वतनत्रताको संग्रामबाट नेपाली बुज्रुकहरूमा परेको प्रभाव विर्सन सकिन्न। यसै परिप्रेक्षमा माधवराज जोशीले नेसं १०२५ (विसं १९५२) मा आर्य समाजको मत प्रचार गरे। नेपाल उपत्यकामा नेस १०४०, विस (ईसं १९२०) मा आर्य समाजको कार्यालय स्थापना, तुलसीमेहर श्रेष्ठले गरेको गान्धिवादी चर्खा प्रचार आन्दोलन (नेसं १०४५ - १०४६) , त्यसपछि नेपाल बाहिर बसेर सुर्यविक्रम ज्ञवालीको संपादनमा काशीबाट *गोर्खाली* (नेसं १०३५ / विसं १९६२) साप्ताहिकको माध्यमबाट (विसं १९७२ आश्वीन ११ देखि १९७३ चैत्र ५ तक), देवीप्रसाद सापकोटा र कृष्णप्रसाद कोइरालाको राणाविरोधी प्रचार, धरणीधर कोइरालाको *नैवेद्य* (नेस १०४० / विसं

DRAFT

---

16 चन्द्र शमशेरका सल्लाहकार मध्येका कृष्णचन्द्र अर्याल र वैजनाथ जोशी (सेढाई) ले *गोरखाभाषा*, पृ१०-११मा यसरी लेखेका छन् - *वर्तमान समय (आजकल) जुन भाषा हामीहरू व्यवहार गर्दछौं, सो भाषा खूद " गोरखा भाषा" (राज-भाषा) हो। यदि यस भाषाको सारा गोरखा (नेपाल) राज्य अरू भाषाका भन्दा विशेष प्रचार छ, प्रायः सवै जातिका मानिसले यथाकिंत्त्चित्मात्र पनी बुझ्दछन्, जस्द्वारा सवै जातिका दुनियाँको व्यवहार पनी चलीरहेको छ, सुगम पनी छ, ता पनी अझ सम्म एक ही "गोरखा भाषा" को सर्व-व्यापकता हुन सकेको छैन; किन्तु नेवार,भोटे, मगर, गुरूङ्ग, लिम्बू, सुनुवार, दनुवार, थारू प्रभृत्तिका जङ्गली भाषाहरूले पनी आफ्ना जन्मस्थानलाई एकदम छाड्न सकेका छैनन। जहाँ सम्म एक मात्र "गोरखा भाषा" ले अरू सवै जङ्गली भाषालाई अर्ध-चन्द्र (गलहत्ती) लगाउन, तहाँसम्म "गोरखा भाषाको उन्नति हुन्छ" भन्नु र "मूख्य भाषा कहिन योग्य छ" भन्नु केवल मनोकड्ड मात्र हो।*

©omkareshworshrestha

१९७७) आदि घटना नेपाली समाजमा आएको जागरणको पहिलो आभाष मान्नु पर्छ (क. मल्ल नेसं १०९९, ८)।

भीम शमशेरको समयमा(नेसं १०४९-१०५३ / विसं १९८६-१९९०) योगवीरसिं र उहाका अन्य बौध्द मतावलम्वी साथीहरुले नेसं १०५० (विस १९८७) मा शुरु गरेको आदम्बर मत (मांश नखाने, मध्यपान नगर्ने, ब्राह्मणलाई नढोग्ने) जस्ता सामाजिक सुधारवादी पाइला, योगवीरसिं कंसाकार, वैकुण्ठप्रसाद लाकौल, हरिकृष्ण श्रेष्ठ, चित्तधर ‘हृदय’ र अन्य ४५ जना संलग्न रहेको लाइब्रेरी पर्व (नेसं १०४९ / विसं १९८६) देखि प्रचण्ड गोरखा जस्तो (नेसं १०५१ / विसं १९८८) राणा विरोधी राजनैतिक षडयन्त्रकारी संगठनको गठनसम्म पनि नेपाली समाजमा आएको उभार नै हो। यस पछि जुध्द शमशेरको पालामा घटनाको शृङ्खला नै जोडियो। (नेसं १०५३ - १०६५/ ईसं १९३२-१९४५ डिसेम्वर ३) मा काठमाडौं खिउलँ टोलका फत्तेबहादुर सिंको घरमा महावीर स्कूलको स्थापना भयो। उक्त स्कूल भारतीय राष्ट्रिय विद्यापीठको अनुकरण गर्दै स्थापना भएको थियो। त्यहा अध्यापन गर्ने शिक्षक र संस्थापकहरू –फत्तेबहादुर, चिनियाँमान, रामेश्वर, आनन्दमान, चन्द्रमान मास्के, पूर्णबहादुर, पूर्णनारायण, पूर्णदास, टंकविलाश, गंगालाल,इन्द्रप्रसाद प्रधान, सिध्दिचरण श्रेष्ठ, वाकपतिराज प्रभृति सबै त्यतिबेलाका प्रबुध्द र उत्साही युवा अभियन्ताहरू थिए। यहीकुरा ‘नेपाली नागरिक अधिकार समिति’(स्थापित नेसं १०५७ / ईसं १९३७) का संस्थापक शुक्रराज शास्त्री, केदारमान व्यथित, मुरलीधर शर्मा, आनन्दराज, शंकरप्रसाद शर्मा, त्यस्तै ‘नेपाल प्रजा परिषद’ (स्थापित नेसं १०५६ / विसं १९९३ जेठ २२ / ईसं १९३७) का संस्थापकहरू टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त, रामहरि शर्मा, जीवनराज आदिको विषयमा पनि उत्तिकै लागू हुन्छ। नेपालभाषाको पुनर्जागरणको यी घटनासित कुनै सम्बन्ध छैन भन्नु सामाजिक चेतना र जागरणसित भाषा र सहित्यको केही सम्बन्ध भन्नु जस्तै हुन्छ। नेसं १०६० / विस १९९७ साल कात्तिक २ गते देखि प्रजा परिषदका सदश्य र समर्थकहरूलाई पक्रे। राणाहरूले दशरथ चन्द, शुक्रराज, धर्मभक्त, र गंगालाललाई मृत्यु दण्ड दिए, कसैलाई जन्मकैद, कसैलाई जातिच्यूत, कसैको सर्वस्वहरण, कसैलाई १८वर्ष कैद गरर। चित्तधर लगायत ३०जनालाई जेल पठाए। यस घटनाले नेपालको सामाजिक

DRAFT

©omkareshworshrestha

राजनैतिक इतिहाँसले एउटा फड्को मार्यो । नेपालभाषा साहित्यले पनि पुनर्जागरण युगवाट कोल्टे फेरेर जेलकाल वा भित्र र (Exile) बाहिरको यूगमा प्रवेश भयो । प्रचण्ड राजनैतिक दमनको यस्तो समयमा नेपालभाषाले धर्म, विशेषतः बौध्द धर्म, इतिवृतात्मक कविता, नैतिक शिक्षा, मातृभाषाको शिक्षा र जागृतिसूचक सुधारवादी गद्य र पद्य बाट आँखा खोल्यो । '*हय् मस्त दँ दँ मिखा निगः कँ, कँ*' (हे बालकहरू उठ उठ, दुइटै आँखा खोल, खोल) बोलको झिसमिसेको सन्देश धर्म र नीतिको क्षेत्रमा प्रवेश गर्यो । धर्मको क्षेत्रमा रूढी र अन्धविश्वासले भरिएको देखेर प्रबुध्द बौध्द धर्मका महायानी ग्रन्थमा मौलिक संस्कृत भाषालाई जनभाषामा अनुवाद गरी धर्मको शील र पवित्रताको आलोक समाजमा छर्ने प्रयास गर्नु भयो । त्यसैगरी मातृभाषाको माध्यमबाट दिइएको शिक्षाबाट बालकहरूको बौध्दिक विकास छिटो हुन्छ भन्ने कुरो बुझेर जगतसुन्दर मल्लले (Aesop's Fables) *ईसपया वाखँ* नाममा नेपालभाषामा अनुवाद गर्नु भयो । यसरी नेसं १०२९ (विसं १९६६) मा *अष्टसहस्रिका प्रज्ञापारमिता*बाट पहिलो २१वटा श्लोक अनुवाद गरी *एकविंशति स्तोत्र* निकालेर धर्मको आडमा भाषा र साहित्यको पुनर्जागरणको जग बसालेदेखिन् एक दशकमा प्रकाशित यी पुस्तकहरू पं निष्ठानन्द बज्राचार्यद्वारा लिखित *एकविंशति स्तोत्र* (नेसं १०२९ / विसं १९६६), *ललित विस्तर* (नेसं १०३४ / विसं १९७१), माष्टर जगतसुन्दर मल्लद्वारा अनुदीत *इसपं दएकूगु बाखं* (नेसं १०३५ / विसं १९७२), जीवरत्न बज्राचार्यद्वारा रचित *अपारमिता* (नेसं १०३७ / विसं १९७४), *दानगाथा* (नेसं १०३९ / विस १९७६) सहित भाषा उल्था गरिएका पुस्तक हुन् । निःसन्देह भन्न सकिन्छ कि निष्ठानन्दले रचना गर्नु भएको *ललितविस्तर*को नेपालभाषा साहित्यमा विशिष्ट स्थान छ । यो पुस्तकको नाम *ललितविस्तर* भएपनि संस्कृतको *ललितविस्तर* जस्तै बुध्दको जीवनीमात्र हैन । यसमा मूलमूल महायानी बौध्दग्रन्थ र सुत्रदेखि स्वयम्भूपुराण समेत अनेक उध्दरणको भावार्थ र एउटै कथा सूत्रमा उनिएको छ । यो पुस्तक नेपालभाषाको गद्य साहित्यमा त्यस्तो नमूना कृति हो जस्को आलोकमा नेपालभाषामा धार्मिक गद्यको साथै लौकिक गद्य पनि वामे सर्दा सर्दै विसं २००७ सालको क्रान्तसम्म पुग्न सक्यो । पुनर्जागरण यूगमा *मौलिक* साहित्यकारहरूमध्ये सिध्दिदास महाजु उल्लेखनीय हुनुहुन्छ । निष्ठानन्द बज्राचार्य विशुध्द धर्म र जगतसुन्दर मल्ल नीति र मातृभाषाको

DRAFT

©omkareshworshrestha

माध्ममा शिक्षाको बाटो हुँदै प्रस्तुत हुनभएको छ। सिध्दिदासले मातृभाषानुराग, इतिवृत्तात्मक, र सामाजिक सुधारवादको सन्देश लौकिक कवितामा भित्र्याउनु भयो। उहाँको कविता नै समाजमा चेतनाको आलोक छर्ने साधन बन्न पुग्यो। उनको *सज्जनहृदयाभरण* (नेसं १०४० / विसं १९७६) मा कवित्व भन्दा नितिको बोध हुनसक्छ। तैपनि एकातिर नेपालभाषामाथि निर्मम दमन भैरहेको र अर्कोतिर लेखनाथ पौडेल, सोमनाथ अर्याल, र चक्रपाणि चालिसेहरूको नीतिवादी कविता, माधवराज जोशीको आर्य समाज मतको प्रचार र देश बाहिर धरणीधर कोइरालाको *नैवेद्य*को प्रकाशन त्यही साल हुनु – यस सन्दर्भमा सिध्दिदास महाजुको भाषानुराग नै एउटा सामाजिक र राजनैतिक महत्वको भावना भन्दा फरक पर्दैन। हिन्दू धर्मका रूढीवादी कट्टर पूजक र भाषामा नेपाली बाहेक अरूलाई 'गलहत्ती' लाउनु पर्छ भन्ने पूज्य राणा शासकहरूको चकाचकीको समयमा आफ्नो मातृभाषाप्रत अनुराग दर्शाउनु, त्यसमाथि नेपालभाषा, धर्म र सामाजिक कुरीतिबाट सुधारको चेतना भर्नु यो अग्रगामि चिन्तनको चिन्ह हो (क. मल्ल नेसं १०९९, ७-११)।

सिध्दिदास महाजुको *सज्जनहृदयाभरण*को प्रकाशन र 'जेलकाल'को वीचमा मात्र २०वर्षको अन्तर छ। यो २०वर्षमा नेवार समाजको चेतना देखिने गरी बढेको देखियो। गणनामा १२वटा पुस्तक निस्केको देखियो। तर यसअवधिमा नेपालभाषाको पहिलो साहित्यिक संगठन कलकत्तामा 'नेपालभाषा साहित्यमण्डल'को स्थापना नेसं१०४६(विसं १९८३) माघ शुक्ल पञ्चमीमा भयो। पहिलो पत्रिका *बुध्दधर्म व नेपालभाषा* (नेसं १०४५-४८ / विसं १९८२-१९८५) प्रकाशन भयो। नेपालभाषा र साहित्यको विषयमा खोजपूर्ण लेख 'नेपालभाषा व त्वया साहित्य' (नेसं १०४६ / विसं १९८३) लेखियो। नेपालभाषाको प्रचार प्रसारको लागि संगठीत प्रयास धर्मादित्यले गर्नुभयो। यही अवधिमा शुक्रराज शास्त्रीले *नेपालभाषा व्याकरण* (नेस १०४८ / विसं १९८५) र *नेपालभाषा रिडर* निकालेर भाषाको मानकीकरण गर्न थाल्नु भयो। यसै अवधिमा पद्य विधामा विशेषतः योगवीरसिंको कविता र फत्तेबहादुरको *नेपाली विहार* (नेसं १०५९ / विसं १९९६) देखा परे। पद्यमा सुधारवाद, भाषानुराग, र जागृतिसूचक सहीत गीति तत्व र व्यक्तिवादको पूर्वाभाषले स्थान पाउन खोजेको झल्को

©omkareshworshrestha

'ह्वयत्यंगु स्वां' मा देखियो । योगवीर सिं, फत्तेबहादुर, वैकुण्ठप्रसाद लाकौल, चित्तधर 'हृदय', सिध्दिचरण प्रभृतिका कविताले सिध्दिदासलाई पछिल्तिर धकेल्ने कोशिस गरेको देखिन्छ।

जुध्द समशेर प्रधानमन्त्री भएपछि चन्द्र शमशेर र भीमशमशेरलाई पनि मात गरे । नेपालभाषामा पुस्तक निकाल्ने र *बुध्दधर्म व नेपालभाषा* पत्रिकामा लेख्ने सवै लेखकलाई नेसं १०५४ / विसं १९९१ सालमा जावलाखेल दरवारमा बोलाएर 'नेपालभाषामा नलेख्नु' भन्ने हुकुम दिए। 'अत्तेरी गरेमा भीमसम्शेर महाराजले जस्तै सजायँ गर्नु पर्ला' भनेर धम्की दिए।

नेसं १०५० / विसं १९८७ को भएको धरपकडमा ६५जना परे । तीमध्ये महावीर ईन्ष्टीच्यूटका २८ जना शिक्षक, नेपाली नागरिक अधिकार समितिका २१ जना र नेपाली प्रजा परिषदका धेरैजसो सदश्य परका थिए। नेपाल खाल्डोका तत्कालीन उत्साही, जागरूक, र प्रबुध्दवर्ग सवैजसो पक्राउ परेकोमा नेपालभाषा र साहित्यप्रेमी अनेक सज्जनहरूलाई पनि समाते । यस्मा नेपालभाषाअनुरागीहरू राजनैतिक रूपमा प्रतिबध्द जमात नभएकोले जेलको माहौलमा रम्न बडा गाह्रै परको सुनिन्छ । त्यस्तो परिस्थितमा गणेशमानसिंले ती अनुरागीहरूलाइ जेल भित्र साहित्य सिर्जना गर्ने माहौल बनाएदिए। त्यसकालागि साप्ताहिक रूपमा साहित्य सम्मेलन गर्ने। त्यसको सम्पूर्ण व्यवस्थापन उहाँले गर्ने। सभा, मञ्च बनाउने दर्शकदीर्घाको लागि सुकूल गुन्द्रीको व्यवस्था गर्ने, कोठाकोठामा गएर लेखकहरूलाई पालोको खवर दिने काम उहाले गर्नु हुन्थ्यो। त्यसबाहेक उहाँ राम्रो स्रोता पनि हुनुहुन्थ्यो। अझ उहाँ सिध्दिचरणको कतिपय कविता त उहाँले मुखाग्र कण्ठ पार्नु भएको थियो[17] । गणेशमान आफै साहित्य नलेख्ने, तर सबैले लेख्ने भएपछि उहाले पनि

17 नेपाली कंग्रेसका सर्वमान्य नेता, लौहपुरुष गणेशमान सिं, कविवर सिध्दिचरण श्रेष्ठ र कम्पाउण्डर चन्द्रमान सैँजु १९९७ साल पर्वमा जेलमा संगै परका साथी हुन्। निज सैँजूकी श्रीमतीको २०३७।७।१०मा मृत्यु भयो। मलामि जाँदा शोभा भगवतीमा सवैको भेट भयो। कुरैकुरामा काजीदाइको 'करवीर' कविताको कुरो चल्यो। सिध्दिचरणलाई साथीभाइले काजीदाइ भन्दा रहेछन्। गणेशमानसिंले सिध्दिचरणको **करवीर** नामक कविता त्यही कण्ठ सुनाए। सिध्दिचरणले उक्त कविता विर्सिसकेका रहेछन्। उत्निखेरै त्यहीँ बसेर सिध्दिचरणले गणेशमानको मुखबाट कविता वाचन गराएर टिपेछन्। सो कविता सिध्दिचरणको कविता *मृत्यू* संग्रहमा

©omkareshworshrestha

नेपालभाषाको शब्दकोशका लागि शब्द संकलन गर्नु भयो [18]। तर दुर्भाग्यवश उक्त संग्रह आजसम्म हातपर्न सकेको छैन। जेलबाट नेसं १०५५ (विसं १९९७) पौष शुक्ल पूर्णिमाका दिन नेपालभाषाका १८ जना 'राजनैतिक वन्दीहरू' रिहा भए। कविता भनेकै थाहा नहुने ती राजबन्दीहरू कवि भएर निस्के । त्यस्मा विशेषतः केदारमान व्यथितज्यूको *प्रतिक्षा, दिवस चित्र, ख्वविप्याःगु मे* र *अभिसारिणी*, फत्तेबहादुर सिंहज्यूको *वनवासया छगू खँ*, धर्मरत्न यमिज्यूको *अर्हतनन्द* महाकाव्य, *विश्वन्तरया मचात दान*, हरिकृष्ण श्रेष्ठज्यूको *ख्वबि*, सिध्दिचरणज्यूको *सीस्वां*, चित्तधर हृदयज्यूको *गौतम बुध्द, हृदय कथा, अन्तर्ध्वनि*, र *सुगतसौरभ* महाकाव्य उल्लेखनीय छन् । जेलकाल अरूकालागि अप्रिय भएपनि नेपालभाषा साहित्यलेखनका दृष्टले वरद साबित भयो।

राणाकालमा नेपालभाषालाई खसाल्न के मात्र गरेनन् ? नेपालमा किताव निकाल्न खोजे समितिले पास अनेक बहना गरी पास नगर्ने, देशबाहिरबाट निस्केको पत्रकामा लेख छपाए तर्साउने, दण्ड, जरिवाना गर्ने, जेलमा कोच्ने, सर्वस्व हरण गर्ने। सारनाथ, कालिम्पोङ, दार्जलिङ, चितागञ्ज र कलकत्ताबा छपाए नेपालमा भंसार र हुलाकले रोक्ने । हुदा हुदा नेसं १०६३(विसं२०००)मा प्रकाशित *ज्ञानमाला* पुस्तकको भजन गाएकोले ज्ञानमाला भजन खलकलाई एक वर्ष भन्दा बढी तारिखमा राखेर दुख दिए। त्यतिले पुगेन, ज्ञानमाला पुस्तक बेच्ने भक्तबहादुरलाई पसलै खोल्न नपाउने वन्देज लगाए। धर्म र भाषाको दमन गर्न कुनै कसर छाडेनन्। नेसं १०५७ – ६२ (विसं १९९४-१९९९) सम्म सारनाथ, कुशीनगर, चितागंज, कालिम्पोङ आदि स्थानबाट भिक्षुहरूको

परेको छ। यो कुरा योगेन्द्रमान श्रेष्ठल २०७६।१।१६गते जानकारी दिएका हुन्। निज श्रेष्ठ नेपालभाषामामात्र लेख्ने ईतिहाँसका लेखक हुनहुन्छ। उहाँ काठमाडौ क्षेत्रपाटी निवासी हुनहुन्छ।

18 जेलमा गणेसमान सिं र धर्मरत्न यमिको बीचमा प्रायः प्रतिस्पर्धा हुने रहेछ। प्रतिष्पर्धाकै क्रममा एकदिन *घ्वालिंघ्वालिं* शब्दको अर्थ धर्मरत्नलाई गणेशमानले सोधेछन्। त्यसको उत्तर यमिले दिन सकेनन्। त्यहाँ चित्तधर पनि थिए। चित्तधरलाई पनि आएन। त्यसको उत्तर गणेशमानले *घंगला* (घुंघरू, नुपूर) हुन्छ भने । अनि गणेशमानले शब्द सम्झिदै लेख्न थाल्नु भयो । १०,०००(दशहजार) शब्द सम्म पुर्‍याउनु भएछ। भाग्न चाँजोपाँजो मिल्यो। भाग्दा आफ्नो जिउज्यानको त सुरक्षा हुँदैन। त्यसैले पुस्तकको सुरक्षार्थ जेलको एउटा खोपामा सुरक्षित पार्नु भयो। त्यसपछि त्यहाँबाट भाग्न सफल हुनु भयो। प्रजातन्त्र आएपछि गृहमन्त्री बन्नु भयो। सोही जेल निरीक्षणमा जानु भयो। उक्त पुस्तक पाइन्छ कि भन्ने झिनो आसाले खोज्नु भयो, तर फेला परेन।

©omkareshworshrestha

प्रयत्नबाट अनुवाद र मौलिक गरी ११वटा पुस्तक छापियो। यिनै भिक्षुहरूको प्रेरणां नेसं १०६१(विसं १९९८) देखि वनारसबाट निस्कने *धर्मदूत* पत्रिकामा नेपालभाषाको ३।४ पेज छापिन थाल्यो। राणासरकारको बक्र दृष्टि पर्नु स्वाभाविकै हो। नेसं१०६२ (विसं १९९९) ताका श्रीलंकाबाट अध्ययन सकेर भिक्षु अमृतानन्द नेपाल फर्के। उहाँले त्यहाँ पाली र थेरवादी बुध्द धर्मको अध्ययन गर्नुभएको थियो। उहाँको प्रभावकारी धर्मदेशना सुन्न धैरै मानीस जम्मा भए। त्सै गरी भारत लंका र बर्मामा यात्रा तथा अध्ययन सकेर अरू भन्तहरूपनि नेपाल फर्के। यी सवै देखेर राणासरकार क्रुध्द बन्यो। भिक्षुहरूको चरित्र हत्या गर्न थाले। नेसं १०६४ (विस २००१) को वर्षावासको बीचैमा देशनिकाला गरे। ठाउँ ठेगाना नदेखेर कलकत्ता, बनारस, कालिम्पोङ, कुशीनगर, चितागञ्ज, बर्मा, लंकासम्म पुगे।

ठाउँ, ठेगाना नभएका भिक्षुहरूको व्यवस्थापन गर्न धर्मोदय सभाको गठन नेसं १०६५ (विस २००२, ईसं १९४४ डिसेम्वर ३०)मा भयो। सारनाथमा यो काम हुदै गर्दा नेपालमा १८जना ‘राजबन्दीहरू’ नेपालभाषाको काव्यालोक सिंगार्ने कृति लिएर जेलमुक्त भए। त्यस्को दुईमहिना पश्चात नेसं १०६५ (विसं २००२ मंसीर १४)मा जुध्द शमशेर राज्य त्याग गरी ‘वाप्रस्थाश्रम’मा जाने घोषणा गरे। त्यसपछि उदारपन्थी पद्म शमशेर प्रधानमन्त्री भए। सोही साल लंकाबाट नादथेरको नेतृत्वको बौध्द शिष्टमण्डलले पद्म शमशेरलाई भेटे। भेटमा देशनिकाला भएका भिक्षुहरूलाई नेपाल फर्काउने सहीत नेपालभाषालाई केही छुट हुनु पर्ने माग राखे। त्यस्को परिणाम स्वरूप हुलाक र भंसारले रोकीराखेको पुस्तक फर्काए। साथै नेसं १०६७ कौला (विस २००३ कात्तिक १९) देखि समिति अड्डामा माष्टर खड्गमान मल्ललाई निरीक्षण गराइ नेपालभाषाको पुस्तक पास गर्ने छुट्टै विभाग खोलियो।

१०७० (२००७) सम्ममा ९६वटा पुस्तक निस्केको देखिन्छ। यति पुस्तक निक्लनु चिनको लामोयात्राभन्दा कम गाह्रो कुरो होइन (क. मल्ल नेसं १०९९, २१)। विसं २००७ को सशस्त्र क्रान्तिले राणालाई ढाल्यो। समित नेपालभाषा सेन्सर विभाग खोलेदेखिन् २००७ साल फागुन ७ गतेसम्म चारवर्षको समयावधिमा सेन्सरको लागि ११५ वटा पुस्तक आयो। यति त सेन्सरमा आएको भयो,

©omkareshworshrestha

नआएका पनि कति होलान् (ख. मल्ल १;५-६)। कमसेकम प्रजातन्त्रपछि नेपालभाषामा लेखे बापत राणाहरूको समयमा जस्तो राजद्रोहीको सजायँ भोग्नु परेन । सैध्दान्तिक रूपमा आआफ्नो मातृ भाषाको विकास गर्ने समान अधिकार रहेको कुरा सामाजिक रुपमा स्वीकार्य भयो । २००७ माघ ५गते 'प्रजातन्त्र नेपाल रेडियो' स्थापना भयो[19] । यसमा नेपालभाषाबाट पनि समाचार प्रसारण भयो।

४.८ नेपालभाषाको अभिलेखीकरण

DRAFT

भाग ५ शिक्षणमा भाषा

वीरगञ्जमा नेपाल राष्ट्रिय विद्यापीठ स्थापना भयो । यस विद्यापीठले नेपालभाषालाई पनि शिक्षाको एउटा वैकल्पिक माध्यम बनायो । नेपाली शिक्षा परषदले ईच्छाधिन विषयको रूपमा नेपालभाषालाई पाठ्यक्रममा समावेश गर्यो । नेपाल सरकारले एसएलसी परीक्षामा भर्नाकूलर तथा ओरियन्टल लाङ्ग्वेज पेपरको रूपमा नेपालभाषाको पाठ्यक्रम स्वीकृत भै नेसं १०७४ (विसं २०११)

19 यो रेडियोको पहिलो प्रशारक गजेन्द्र प्रधानाङ हुनुहुन्थ्यो । उहाँले धनकुटाबाट प्रशारण गर्नु भएको थियो । पछि यसलाई विराटनगर सारिएको थियो ।

©omkareshworshrestha

देखि परीक्षा दिन पाउने व्यवस्था भयो । नेसं १०७५ (विसं २०१२) देखि वीरगञ्जबाट सञ्चालन हुने नेपाल राष्ट्रिय विद्यापीठ (नेरावि) ले प्रवेशिकादेखि विद्यालंकार सम्म स्थान दियो । नेसं १०८० (२०१६) सालमा कला संकाय अन्तर्गत मूलविषय र कमर्स, विज्ञान संकाय अन्तर्गत भर्नाकूलरको रूपमा इन्टरमिडियट लेभलमा पढाइयो । नेसं १०८२ (विसं २०१८) मा नेपालभाषा मूलविषयको रूपमा बीए लेभलमा पढाइयो ।

नेसं १०९१(२०२८) सालमा नयाँ शिक्षा प्रणाली लागू भयो । उक्त शिक्षाले साधारण माध्यमिक विद्यालयमा पढाइ हुने तीनवटा पूर्वीय भाषाहरू *नेपालभाषा, मैथिली हिन्दी*लाई संस्कृत, अंग्रेजी, फ्रेञ्च, रसियन, जर्मन, जापानी, पोर्चुगाली, स्पेनीश, चिनिया, तिब्बती, उर्दू, अरवी, फारसी, भोजपुरीसित मिसाएर १७ वटा भाषा समूहको विषय बनायो । साथै गणित, भौतिकशास्त्र, रशायनशास्त्र, जीवविज्ञान, शरीररचना विज्ञान, ग्रामीण अर्थशास्त्र, गृहविज्ञान, गरी २४वटा विषय मध्येबाट छान्नु पर्ने विषय बनायो । नयाँ शिक्षा लागू भएपछि देशभित्रको भाषा *नेपालभाषा, मैथिली*को लागि देशै नयाँ बन्यो । यी विषय पढ्ने विद्यार्थीले विज्ञान, गणितजस्तो विषय छोडेर मातृभाषा पढ्ने कुरै थिएन र भएन पनि । फलस्वरूप नेपालभाषा विषय पढ्ने विद्यार्थी नभएको भन्दै विषय हटाउन थाले । राणाकालमा सिधै हप्कीदप्की गर्थे भने शाहकालमा अलि घुमाउरो बाटो बनाए । कुरो एउटै हो-देश भित्रका मातृभाषालाई नास्ने, मास्ने अभियानलाई निरन्तरता दिने । पृथ्वीनारायण शाहको एक देश बनाउने अभियान थियो भने तत्कालीन शासकहरू एक भाषा बनाउने, जंगलीभाषाहरूलाई 'अर्धचन्द्राकार' लगाउने अभियानमा लागे (अर्याल विसं १९७४) ।

नेसं १०९७ (विसं २०३४) देखिमात्र डिग्री बाइ डिजर्टेशन गर्ने व्यवस्था भयो (जोशी नेसं१११८, ३१-३८)। त्यस व्यवस्थाबाट कृष्णसुन्दर मल्ल मात्र उत्तीर्ण भए (न. श्रेष्ठ नेसं ११२५, ९२-९९) । त्यसको चारवर्ष पछि नेसं ११०१ (विसं २०३८ भाद्र ४) गते एमए नियमित कक्षा संचालन भयो । नेपालभाषाका विद्यार्थीहरू ६० देखि माथिको संख्यामा अध्ययन गर्दै थिए । नेसं ११०९ चौलागा ९ (विसं २०४२ वैशाख १ गते) राजपत्रमा तत्कालीन श्री ५ को सरकारको निजामति सेवामा पदोन्नति हुने नम्बरमा नेपालभाषा, मैथिली, हिन्दी, गृहविज्ञान, आदि विषयलिएर पढ्नेलाई नदिने

©omkareshworshrestha

भयो । यो खवरले कतिपय कर्मचारी र विद्यार्थीले बीचैमा पढाइ छोडे । फेरी नेपालको अन्तरिम संविधान २०६३ मा मातृभाषामा शिक्षापाउने हकको व्यवस्था गर्दै नेपाल सरकारको सेवामा पदोन्नति हुन नेपालभाषालाई पनि मान्यता दियो (जोशी नेसं११९८, ३८)।

आजसम्म नेपालभाषामा पाँचजनाले विद्यावारिधि गरीसकेका छन् । अहिले आठजना विद्यावारिधि गर्दै हुनुहुन्छ । त्रिविले हालै पीयचडी वीथ क्लास वर्क योजना ल्याएको छ । नेपालभाषा केन्द्रीय विभागले यस कार्यक्रमका लगि पाठ्यक्रम निर्माण गरिसकेर २०७६को साउने सेसनदेखि भर्ना लिएर पढाइ थालेको छ । यसमा छजना विद्यार्थी अध्ययनरत छन् ।

५.१ सैद्धान्तिक अवधारणा

५.१.१ सिकाइको सन्दर्भमा भाषा-

(क) पहिलो भाषा

आमाको काखमा सिकेको भाषालाई सामान्यः मातृभाषा भनेर बुझिन्छ । आमा घरपरिवारको सदश्य हुनाले यसको सम्बध्द घरसित हुनाले यसलाई घरपरिवारको भाषा भनेर पनि बुझिन्छ । यस्को अर्थ बालकले आमा, घरपरिवारबाट सिकेको पहिलो भाषा भन्ने बुझीन्छ । यसलाई बेलायतमा Mother Tongue, अमेरिकामा First Languge भनिन्छ । तसर्थ नेपाली हरुले मातृभाषा भनेर बुझिने शब्द Mother Tongue र First Languge दुबैको एकिकृत शब्द भनेर संझिनु पर्छ । आदिवासीहरू आधुनिक राजनैतिक अर्थशास्त्रीय व्यवस्थाको कारणले बसाई सरेपछि आफ्नो मातृभाषा परित्याग गरेर अर्कै भाषा सिकेको देखिन्छ । यस सन्दर्भमा उनीहरूले आफ्नो समुदायको वा जातिको भाषालाई मातृभाषाको पमा लेकाएको पाइएको छ । यसले मातृभाषाको परिभाषालाई अर्थान्तरण गरेको देखिन्छ।

(ख) दोस्रो भाषा

आफ्नो मातृभाषा भन्दा फरक तर नजिकको परिवेशमा रहेको भाषा व्यक्तिको दैनिक जीवन गुजारा चलाउन आवश्यक हुन्छ, त्यसलाई दोश्रो भाषाको रूपमा लिइएको छ । नेवारहरू मूलतः नेपालमण्डलका शहरीया वस्तीका वासिन्दा हुन । यी वस्तीका छिमेकमा रहेका जातजाती संग

©omkareshworshrestha

DRAFT

दैनिक व्यवहार चलाउन नेवारहरूले दोश्रो भाषाको रूपमा नेपाली (नेवारहरूको बोलीचालीमा यसलाई *खएभाए* भनिन्छ ।) र तामाङ भाषाको प्रयोग बढी हुन्छ । सन २००१को जनगणनाको आधारमा नेवारहरूले ६२६, ८१३ नेपाली र तामाङ ४०७ जनाले दोश्रो भाषाको रुपमा बोल्छन् (Placeholder1) (Yadava 2003, 164)। २०११को जनगणना अनुसार ३२,५९४ (०.१२%) ले नपालभाषा दोश्रो भाषाको रुपमा बोल्छन् (Yadava 2014, 70)।

(ग) अन्तर्राष्ट्रिय भाषा

देशबाट बाहीर सम्पर्कको लागि प्रयोग गरिने भाषा अन्तर्राष्ट्रिय वा विदेशी भाषा हो । नेपालको सन्दर्भमा अंग्रेजी भाषालाई अन्र्राष्ट्रिय भाषाको रूपमा लिइएको छ । नेवारहरू यस भाषाप्रति धैरै रूझान रहेको अनुमान छ ।

(घ) शास्त्रीय भाषा

कुनै जातिको मातृभाषाको रुपमा व्यबहार नभएको तर ज्ञानको भण्डार रहेको परम्परादेखि अंगाल्दै आएको भाषालाई शास्त्रीय भाषा भन्न सकिन्छ । संस्कृत, पाली, (पुरानो) तिब्बती, लाटिन यस्तै भाषा हुन् । यस्ता भाषा पुस्तकका पोथीमा अङ्कीत छन् । विश्वविद्यालयमा प्राज्ञिक चिन्तनको लागि प्रयोगमा आइरहका हुन्छन् ।

५.१.२ शैक्षणिक भाषा- विषय र माध्यम

५.२ नेपालभाषामा शिक्षाको पुनरावलोकन -+

५.३ मातृभाषामा शिक्षाको अभ्यास

धुलिखेल नगरपालिका भित्र हाल संचालित विद्यालय मध्ये निम्न विद्यालयहरूको विहगम दृश्य प्रस्तुत छ । धुलिखेल नगरपालिकाभित्रका विद्यालयहरू-

क्रमसं	नाम	वार्ड	प्रकार । तह	नेवार
१	इन हाउस एकेडेमी	७	संस्थागत	
२	दारिमबोट बाल प्रा.वि	९	बालकक्षा	
३	विनायक बाल विद्यालय	८	आधारभूत	
४	नवज्योती प्रा.वि	९	बालकक्षा	
५	पूर्णसञ्जीवनी लङ्खनामाई मा.वि		बालकक्षा	
	शंखेश्वरमहालक्ष्मी माबि	१२	माध्यमिक	

©omkareshworshrestha

DRAFT

७	गोलमादेवी आधारभूत विद्यालय	१	आधारभूत	
८	कालिदेवी प्रा.वि.	३	प्राथमिक	
९	महांकाल आधारभूत विद्यालय	११	आधारभूत	
१०	दीपशिखा	२		
११	करथरी मा.वि.	९	मावि	
१२	श्री देवीस्थान मा.वि.	१	MGML	
१३	गणेश कालिका आवि इटे		बालबिकास	
१४	श्री शंखश्वरी प्रावि		बालबि	
१५	श्री भैरव प्रावि		प्रावि	
१६	शान्तिपुर प्रावि		प्रावि	
१७	माउण्ट भ्यू बो स्कूल	७	प्रावि	
१८	कालिका मावि		बालकक्षा	
१९	हिमालयन इन्टरनेशनल एकेडेमी	३	बालकक्षा	
२०	इम्भानुयल इ.वो. स्कुल	७	बालकक्षा	
२१	श्री सरस्वती माध्यमिक विद्यालय	८	बालकक्षा	
२२	श्री पञ्चकन्या आधारभूत विद्यालय	३	बालविकास	
२३	श्री सेतीदेवी मा.वि.	२	बालकक्षा	
२४	श्री वाल चेतना प्रा.वि.	९	वालकक्षा	
२५	श्री धनकाली प्रा.वि. काभ्रेपलान्चोक	१२	बालकक्षा	
२६	श्रीखण्डपुर मा.वि.	५	वालविकास	
२७	श्री बछलादेवी आ.वि. फुस्राथुम्का	९	वालविकास	
२८	श्री हनुमान मा.वि. पातलेखेत	११	बालकक्षा	
२९	श्री नमोबुध्द आवासीय मा.वि.	१२	बालविकास	
३०	श्री बालज्योति आ.वि.	१०	वालविकास	
३१	श्री मण्डली देवी प्रावि		वालविकास	
३२	धुलिखेल इ. आवासीय मावि		बालकक्षा	
३३	सञ्जिवनी इङ्लिस स्कुल		बालकक्षा	
३४	इम्यानुयल बोडिङ्ग स्कुल	७	बालक्क्षा	
३५	धुलिखेल बोर्डिङ स्कूल	७	बालकक्षा	
३६	श्री कालिदेवी मा.वि.	११	बालकक्षा	
३७	सञ्जीवनी मा.वि.	७	बालकक्षा	
३८	श्रीखण्डपुर प्रा.वि.	५	बालकक्षा	
३९	गोल्डेन सिध्दार्थ एकेडेमी	५	बालकक्षा	
४०	बालविकास विद्याश्रम बोडिङ्गस्कुल	९	वालविकास	

DRAFT

©omkareshworshrestha

४१	श्री हरिसिध्दि आधारभुत विद्यालय	७	वालविकास	
४२	श्री बालमन्दिर आ.वि.	७	वालविकास	
४३				
४४				
४५				
४६				
४७				
४८				
४९				

DRAFT

©omkareshworshrestha

५.४ नेपालभाषामा शिक्षाका लागि धुलिखेलको छनौट ।

DRAFT

©omkareshworshrestha

भाग ६ निष्कर्ष

६.१ सारांश

६.२ निष्कर्ष

६.३ सुझाव

DRAFT

©omkareshworshrestha

Works Cited

Brinkhoff, Thomas. 2020. *Dhulikhel (Municipality, Nepal) - Population Statistics, Charts, Map and Location.* June 19. https://www.citypopulation.de/php/nepal-mun-admin.php?adm2id=2405.

CBS. 2003. "CBS." In *Stastical year Book of Nepal 2003*, by Central Bureau of Stastics. Kathmandu: Central Bureau of Stastics.

CBS. 2012. *National Population and Housing Census 2011(National Report).* Kathmandu: Central Bureau of Statistics.

Chaudhary, Saroj Kumar. 1986. *Siddham in China and Japan.* Philadelphia: Department of East Asian languages and Civilization, University of Pennsylvania.

Dhulikhel Municpality office. 2020. *Map of Dhulikhel Municpality | Dhulikhel Municipality.* June 27. https://dhulikhelmun.gov.np/en/content/map-dhulikhel-municipality.

Masica, Collin P. 1991. *The Indo Aryan Languages.* Cambridge: Cambridge University Press.

NFDIN. 2003. "National Federation of Indigenous Nationalities." In *National Federation of Indigenous Nationalities An Introduction*, by NFDIN, 23. Lalitpur: National Federation of Indigenous Nationalities(NFDIN),.

Shakya, Daya Ratna. 1997. "In Naming a Language." *Newah vijnana, A journal of Newar Studies, year 1, vol 1* 41.

Shrestha, Ashok Sujan. 2020. *Provine 3 named Bagmati, Hetauda is the capital.* June 27. https://myrepublica.nagariknetwork.com/news/province-3-named-bagmati-hetauda-is-the-capital/.

©omkareshworshrestha

DRAFT

Watters, David E with the participation ofYP Yadava, Madhava Pokharel Balaram Prasai. 2005. *Notes on Kusunda Grammar(a language isolate of Nepal)*. Kathmandu: National Foundation for the Development of Indigenous Nationalities.

अमात्य, पूर्णप्रसाद. नेसं ११९८. *नेपालभाषा वाङमय सूची A Systematic Bibliography of the Printed Books in Newar Language.* येँ.नेपालभाषा एकेदमि :

अर्याल, कृष्णचन्द्र, जोशी(सेढाई), वैजनाथ. विसं १९७४. *गोरकाभाषा.* नेपालगोरखा एजेन्सी : .कार्यालय

आचार्य, बाबुराम. २०५२. *नेपालको सांस्कृतिक परम्परा.* काठमाडौ.श्रीकृष्ण आचार्य :

ओमकारेश्वर। श्रेष्ठ .२०१८ .*नेपालभाषाया 'ए' वर्ण।*. ललितपुर।, बागमतीनेपालभाषा : केन्द्रीय विभाग, त्रिवि।.

ओमकारेश्वर श्रेष्ठ .२०१८ .*नेपालभाषाया ए वर्ण.* यलनेपालभाषा केन्द्रीय विभाग :, त्रिवि।.

गुथि, नेपाल लिपि. ११३९. *रञ्जना.* येँ.नेपाल लिपि गुथि :

गुथि, नेपाललिपि. ११३७. *नेपाल लिपि.* येँ.नेपाल लिपि गुथि :

चौधरी, अनन्त. १९७३. *नागरीलिपि और हिन्दी वर्तनी.* पटना. बिहार हिन्दी ग्रन्थ आकादमी :

जोशी, सुन्दरकृष्ण. नेसं१११८. "नेपाःया शिक्षाय् नेपालभाषा". *नेपालभाषा, ल्या १* ३१.३८-

—. २०६०. *नेपालभाषा व्याकरण.* काठमाडौ.नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान :

तमोट, काशीनाथ. २०४८. "नेपाललिपिको परिचय". *मधुपर्क* ५.१२-

मल्ल, कमलप्रकाश. नेसं १०९९. *नेपालभाषाया ध्वानासफूया धलः.* येँ.लय्ता दबू :

मल्ल, कमलप्रकाश. २००२. "भुमिका". In *नेपाललिपि वर्णमाला अलफावेट अव नेपलिज) (स्क्रिप्ट*, by रविशन शाक्य, II-III. ललितपुर थ्याकालयमोतिराज शाक्य :, सानुनानी शआाक्य.

मल्ल, खड्गमान. १;५.६- "एकतन्त्र शासनया अन्ते झीगु साहित्य". *नेपाल.*

DRAFT

©omkareshworshrestha

योञ्जन तामाङ, अमृत. विस २०७४. *संविधानमा भाषा, उपलब्धि र दायित्व*. ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।.

राजवंशी, शंकरमान. २०५९. *नेपालि लिपिविकास*. काठमाडौ.श्यामसुन्दर राजवंशी :

—. २०५९. *नेपाली लिपिवकास*. काठमाडौ.श्यमसुन्दर राजवंशी :

राजवंशी, शंकरमान।. २०५९. *नेपाली लिपि विकास।*. काठमाडौ.श्यामसुन्दर राजवंशी। :

श्री ५को सरकार, सामान्यप्रशासन मंत्रालय।. २०४३. "नेपाल राजपत्र खण्ड ३५, सूचना". *राजपत्र, अतिरिक्ताङ*, वैशाख ११ :;३;१.

श्रेष्ठ, ओमकारेश्वर. नेसं ११३०. "लोकभाषा". In *नेवा:लोकवार्ता*, by प्रमशान्ति (प्रधान संपादक) श्रेष्ठ, ओमकारेश्वर तुलाधर (संपादक), ४६.७१- यलनेपालभाषा केन्द्रीय विभाग :, त्रिवि।.

श्रेष्ठ, निजिरोस. नेसं ११२५. "नेपालभाषा केन्द्रीय विभागया विकास". *नेपालभाषा ल्या* २ ९२-.९९

श्रेष्ठ, राजीतबहादुर. ११३२. *नेपाललिपि प्रकाशन*. यल :न्हूहिसु प्रकाशन.

DRAFT

©omkareshworshrestha